annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ९४, पृष्ठ ८ | काठमाडौं, आइतबार १७ साउन २०८३ | श्रावण कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४६ | SUNDAY, AUGUST 2, 2026 | मूल्य : रु. १०

मधेस : सधैं 'द्वन्द्वको प्रयोगशाला'

मधेस आन्दोलन भयो, सबैभन्दा ठूलो क्षति मधेसले नै भोग्यो। जेन-जी आन्दोलनमा पनि मधेसमा ठूलै क्षति भयो। फेरि साम्प्रदायिक तनावका कारण मधेस नै अशान्त बन्यो। अर्थात्, जुनसुकै प्रकृतिका आन्दोलन, प्रदर्शन र विरोधका नाममा जहिल्यै मधेसलाई 'प्रयोगशाला' किन बनाइन्छ ? भनेर यहाँका बुद्धिजीवी प्रश्न गर्न थालेका छन्। अधिकारको लडाइँमा जहिल्यै मधेस अगाडि, तर अवसरमा किन पछाडि भन्ने प्रश्न पनि जबर्दस्त उठ्न थालेको छ।

मनिका झा | *जनकपुरधाम*

विस्तृत पृष्ठ २

क्रान्ति शाह

ब्रोड पिकमा विलिन भए 'निम्सदाइ'

शेखर अधिकारी | *काठमाडौं*

विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ वटा हिमशिखर अति द्रुत गतिमा आरोहण गरेर इतिहास रचेका प्रसिद्ध नेपाली आरोही निर्मल पुर्जा 'निम्सदाइ' अब रहेनन्। पाकिस्तानको ब्रोड पिक हिमालमा आएको भीषण हिमपहिरोमा उनको निधन भएको छ। पुर्जासँगै टोलीमा रहेका अन्य आरोही तथा शेर्पा सहयोगीहरूको निधन भएको छ।

पुर्जा संस्थापक रहेको कम्पनी एलाइट एक्सपिडिसनले पुर्जाको निधनको खबर पुष्टि गरेको छ। 'आज अत्यन्तै गहिरो दुःख र असीम पीडाका साथ हामी यो पुष्टि गर्दछौं कि निर्मल 'निम्सदाइ' पुर्जाले ब्रोड पिकमा आएको हिमपहिरोमा परी आफ्नो ज्यान गुमाउनुभएको छ,' एक्सपिडिसनले भनेको छ, 'अभियानका अन्य सदस्यहरू पनि जीवित नरहेको खबर प्राप्त भएको छ। आज हामी निम्सको मात्र नभई उहाँका पछाडि समर्पित रहने विश्वासिला आरोहण साथीहरू पुरबहादुर गुरुङ (युक्ता) र निमा शेर्पालगायत यस त्रासद दुर्घटनामा ज्यान गुमाउने सबैको शोक मनाइरहेका छौं।'

प्रधानमन्त्री वालेन्द्र शाहले पनि निर्मल पुर्जाको निधनमा शोक व्यक्त गरेका छन्। 'पाकिस्तानको काराकोरम पर्वत शृंखलामा विश्वकीर्तिमानी निर्मल पुर्जासहित ६ जना नेपाली र ४ जना विदेशी आरोहीको दुःखद् निधनको खबरले हामीलाई स्तब्ध बनाएको छ,' उनले फेसबुकमा लेखेका छन्, 'उहाँहरूको साहस, समर्पण र योगदानको इतिहास सधैं प्रेरणादायी रहनेछ।'

८ हजार ४७ मिटरको विश्वको १२औं अग्लो हिमाल ब्रोड पिक पाकिस्तान प्रशासित कास्मिरको गिलगिट-बाल्टिस्तान र चीनको सिनजियाङ सीमामा पर्ने काराकोरम पर्वत शृंखलामा अवस्थित छ।

निर्मल पुर्जाको नेतृत्वमा रहेको बहुराष्ट्रिय आरोहण टोली बिहीबारदेखि बेपत्ता भएको थियो। हिमपहिरो ब्रोड पिकको सामान्य मानिने वेस्ट रिज' रुटको २१ हजार ६०० देखि २१ हजार ८ सय ५० फिटको उचाइमा गएको थियो।

१० जनाको आरोहरण टोलीमा नेपाली आरोहीहरूसहित अमेरिकी नागरिक मेलोरी गिस र ओमानकी नधिरा अहमद अब्दुल्लाह अल हार्थीसमेत थिए। पाकिस्तानी अधिकारीहरूले सुरुमा तीन जनाको शव फेला परेको पुष्टि गरेका थिए भने पछि सबै १० जनाकै निधन भएको पुष्टि भएको हो।

४३ वर्षीय निम्सदाइले मृत्युभन्दा केही दिनअघि सोमबार 'एक्स' मा आफ्नो अन्तिम पोस्ट गर्दै आफूले सुरुमा ब्रोड पिक आरोहण गर्ने योजना नबनाएको उल्लेख गरेका थिए। 'सुरुमा ग्यासर्ब्रम-२ मात्रै चढ्ने योजना थियो। तर, पाकिस्तान प्रस्थान गर्नुअघि मैले महसुस गरें कि यदि मैले ब्रोड पिक पनि आरोहण गर्न सकें भने बिना अक्सिजन विश्वका १४ वटै ८ हजार मिटरभन्दा अग्ला हिमाल दुईपटक आरोहण गर्ने इतिहासकै पहिलो व्यक्ति बन्न केवल एक हिमाल बाँकी रहनेछ,' उनले लेखेका थिए, 'यो योजनाबद्ध थिएन, तर अवसरहरू चिच्याउँदैनन्, ती शान्त भएर काम गरिरहेकाहरूका माझ सुस्तरी आउँछन्।'

पुर्जाले हिमाल आरोहणलाई हल्का रूपमा नलिने उल्लेख गरेका थिए। र, भनेका थिए, 'ब्रोड पिक म केवल सुरक्षित माथि पुग्ने र फर्किने बाटोको याचना गर्दछु। म कुनै पनि हिमाललाई हल्का रूपमा लिँदिन।'

» बाँकी पृष्ठ ६

अब फर्किदैनन् किलि पेम्बा

भवानी खड्का | *दोलखा*

१८ वर्षको उमेरमा भरियाका रूपमा हिमाल टेक्न सुरु गरेका दोलखा गौरीशंकर-९ बेदिङका विश्वकीर्तिमानी पर्वतारोही किलि पेम्बा शेर्पा (किलु) अब कहिल्यै आफ्नो गाउँ फर्किने छैनन्। पाकिस्तानस्थित ८ हजार ४७ मिटर अग्लो ब्रोड पिक हिमाल आरोहणका क्रममा आएको हिमपहिरोमा परी उनले सदाका लागि बिदा लिएका छन्।

किलि पेम्बाको शव शुक्रबार फेला परेको उनका काका तथा वरिष्ठ हिमआरोही दावाछिरी शेर्पाले जानकारी दिएका छन्। सोही दुर्घटनामा अर्का नेपाली आरोही पुरबहादुर गुरुङ (युक्ता) को पनि शव फेला परेको विवरण सार्वजनिक भए पनि सरकारले औपचारिक पुष्टि गर्न बाँकी छ।

» बाँकी पृष्ठ ६

शशांकले लिँदैछन् इतर पक्षको नेतृत्व

राधा खनाल | *काठमाडौं*

नेपाली कांग्रेसको संस्थापन इतर समूहले पूर्वमहामन्त्री शशांक कोइरालालाई अघि सारेको छ। उनको नेतृत्वमा नै साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा राष्ट्रिय भेला बोलाएको छ।

पूर्वसभापति शेरबहादुर देउवासमेतको साथ रहेको इतर समूहमा अधिकांश पूर्वपदाधिकारी सहभागी छन्। निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का, पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, प्रकाशशरण महतलगायतको प्रत्यक्ष सहभागिता रहेको इतर पक्षले कांग्रेसको वैधानिक विभाजनको बाटो रोजेको हो।

संस्थापन पक्षले आन्तरिक एकताका लागि पहल नगरेको भन्दै पूर्वसभापति शेरबहादुर देउवा पक्षले राष्ट्रिय भेला बोलाएको हो। बीपी पुत्र डा. शशांक कोइरालालाई भेला आयोजक समितिको संयोजक तोकिएको छ। भेलाको मितिसम्म आन्तरिक सहमति नभए इतर पक्षले छुट्टै नयाँ पार्टी बनाएर अघि बढ्ने तयारी गरेको नेताहरू बताउँछन्।

शनिबार चुनदेवीस्थित सम्पर्क कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा राष्ट्रिय भेला आयोजक समितिका संयोजक तथा पूर्वमहामन्त्री डा. कोइरालाले कांग्रेसलाई वैचारिक र सांगठनिक रूपमा नयाँ गति दिन भेला आयोजना गरिएको बताए। 'पार्टीभित्र सम्पूर्ण एकताका लागि अनवरत प्रयास, धैर्यता र पहल गर्दागर्दै पनि पदीय जिम्मेवारीमा रहेका साथीहरूबाट सार्थक भूमिका नदेखिएपछि पार्टीका नेता, कार्यकर्ता, जनप्रतिनिधि एवं शुभेच्छुकहरूमा देखिएको चिन्ता र निराशालाई सम्बोधन गर्न र यो राष्ट्रिय भेला आयोजना गर्न हामी बाध्य भएका छौं,'

उनले भने। उनले पार्टीलाई सुदृढ, सक्षम र जनमुखी बनाउने उद्देश्यले आफ्नो संयोजकत्वमा ५ सय ५१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको जानकारी दिए।

भेलाको तयारीका लागि समसामयिक राजनीतिक प्रस्ताव, संगठनात्मक तयारी, विधान संशोधन मस्यौदा, आर्थिक नीति, प्रचार-प्रसारलगायत १६ वटा उपसमिति पनि गठन गरिएको कोइरालाले जनाए। ती समितिहरूले राष्ट्रिय भेलामा प्रस्तुत गरिने दस्तावेज तथा प्रस्ताव तयार गर्ने जिम्मेवारी पाएका छन्।

डा. कोइरालाले पार्टीभित्र एकता कायम गर्न आफूहरूले निरन्तर पहल र संवाद गरिरहेको भए पनि नेतृत्व तहबाट अपेक्षित सकारात्मक पहल हुन नसकेको टिप्पणी गरे।

» बाँकी पृष्ठ ६



मधेसको नियति : आन्दोलनमा अगाडि, अवसर र विकासमा पछाडि

मनिका झा | *जनकपुरधाम*

- जेन-जी आन्दोलनको क्षति कम हुन नपाउँदै साम्प्रदायिक तनावका कारण मधेस प्रदेश फेरि अशान्त बनेको छ भने जनकपुर र सिरहालगायतका क्षेत्रमा कर्फ्यु तथा निषेधाज्ञा लागू गरिएको छ।
- पछिल्लो साम्प्रदायिक तोडफोड र आगजनीबाट सिरहामा मात्रै करिब ५० करोड रुपैयाँको आर्थिक क्षति भएको छ भने यसअघिको जेन-जी प्रदर्शनमा ४ अर्ब ९२ करोड बराबरको भौतिक संरचना ध्वस्त भएको थियो।
- साक्षरता दर (६३.५ प्रतिशत) र बहुआयामिक गरिबी (२४.२ प्रतिशत) जस्ता सूचकमा मधेस देशकै अन्य प्रदेशभन्दा पछाडि छ, बारम्बारको द्वन्द्वले गर्दा युवा उद्यमी र व्यवसायीहरुको लगानी जोखिममा परेको छ।
- स्थानीय प्रशासन र जनप्रतिनिधिहरुको अगुवाइमा जनकपुरमा सद्भाव ज्याली निकालिए पनि असन्तुष्ट पक्षको विरोधका कारण अवस्था अझै पूर्णरूपमा शान्त भइसकेको छैन।

मधेस प्रदेशका ८ वटै जिल्लामा विरोध प्रदर्शन, हिंसात्मक क्रियाकलाप र झडपका घटना भइरहेका छन्। शान्ति-सुरक्षा कायम गर्न स्थानीय प्रशासनले शुक्रबारसम्म जनकपुर र सिरहामा कर्फ्यु लगाएको थियो। शनिबारदेखि निषेधाज्ञा जारी गरेको छ। यहाँका सडकमा सेनाको व्यापक उपस्थिति छ। दुई समुदायबीचको असमझदारीका कारण फैलिएको हिंसा र द्वन्द्वले समाजमा भय, त्रास र डरको माहौल सिर्जना गरेको छ। विद्यालय जाने बालबालिकाहरू घरभित्रै थुनिन बाध्य छन्। उद्योग-व्यवसाय ठप्प छन् भने विकास-निर्माणका सम्पूर्ण क्रियाकलाप अस्तव्यस्त बनेका छन्। अर्थात् मधेस फेरि अशान्त छ। 'जेन-जी आन्दोलनले नर्मेटिने पीडा दिएर गयो। फेरि साम्प्रदायिकताका नाममा लफडा भइरहेको छ,' मानवअधिकारकर्मी श्याम साह भन्छिन्, 'यी सबै द्वन्द्वमा सुनियोजित रूपमा मधेस प्रयोग भइरहेको कुरा यहाँका जनताले बुझ्नुपर्छ।'

हिंसात्मक र उग्र प्रदर्शनको क्रममा व्यापारिक प्रतिष्ठान, निजी घर, निजी तथा सरकारी सवारी साधन, पसलहरू र उद्योगमा समेत आगजनी गर्ने काम साम्प्रदायिक द्वन्द्वको नाममा यसपटक पनि भए।

सिरहामा मात्रै आगजनी र तोडफोडले ५० करोड रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको प्रारम्भिक अनुमान छ। क्षतिको पूर्णतथ्यांक अहिले संकलन नै भइरहेको प्रहरीले जनाएको छ। हरेक आन्दोलनका नाममा यहाँका व्यापारिक प्रतिष्ठान, उद्योग-कलकारखाना, व्यापारिक भवनमा क्षति पुऱ्याउँदै गए मधेसमा कसरी व्यापार-व्यवसाय फस्टाउँछ ? भनेर यहाँका व्यवसायी चिन्ता व्यक्त गर्न थालेका छन्।

गत भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनको क्रममा मधेस प्रदेशमा सरकारी तथा निजी क्षेत्रमा ४ अर्ब ९२ करोड रुपैयाँ बराबरको भौतिक संरचनामा क्षति भएको थियो। राष्ट्रिय योजना आयोगद्वारा मन्त्रिपरिषद्मा पेस गरिएको क्षति विवरणअनुसार जेन-जी आन्दोलनको क्रममा जनकपुरधामस्थित मधेस प्रदेशसभाको भवन पूर्णरूपमा जलेर नष्ट भएको थियो भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत प्रदेशका २ सय ७ वटा कार्यालयमा आगजनी र तोडफोड भएको थियो। हिंसात्मक प्रदर्शनको क्रममा प्रदेशका १३ वटा प्रहरी कार्यालय पूर्णरूपले क्षति भएका थिए। ७७ वटा सरकारी कार्यालयमा आंशिक क्षति पुऱ्याइएको थियो। त्यसैगरी एमाले, कांग्रेसलगायत पार्टीका मधेसस्थित प्रादेशिक तथा जिल्ला कार्यालयहरूमा तोडफोड र आगजनी हुँदा करोडौंको क्षति भयो।

त्यत्ति मात्रै नभई सो आन्दोलनको बेला भएको प्रदर्शनमा परी ८४ जना प्रहरी र १२ जना सर्वसाधारण घाइते भएका थिए भने १ जनाको त मृत्यु नै भयो। हालै मात्र भएको आन्दोलनको क्षतिलाई पुनर्निर्माणमा समेत बदल्न नपाउँदै फेरि अर्को आन्दोलनको चपेटामा मधेस परेको छ।

जेन-जी आन्दोलनका क्रममा भएको विध्वंस र विनाशको पीडा बिर्सिन नपाउँदै फेरि मधेसमा सल्केको हिंसाको आगोलाई जतिसक्दो छिटो साम्य पार्न राज्यले जुन प्रकारको भूमिका निर्वाह गर्नुपर्ने हो, त्यो नगरेको भन्दै यहाँका बुद्धिजीवी, नागरिक समाजका अगुवा र सर्वसाधारणले व्यापक गुनासो गरिरहेका छन्।

राजनीतिक, धार्मिक, व्यापारिक र सांस्कृतिक गरी जुनसुकै द्वन्द्वमा पनि मधेसको भूमिलाई प्रयोग गरिने प्रवृत्तिले मधेसलाई झन्-झन् अधोगतितर्फ लग्दै गएको यहाँका बुद्धिजीवी बताउँछन्। अर्कोतिर, मुलुकको साक्षरता दर ७६ प्रतिशत छ भने मधेस प्रदेशको ६३.५ प्रतिशत मात्रै छ। त्यसमा पनि महिलाहरूको साक्षरता दर ५२ प्रतिशत मात्रै छ।

नेपालमा बहुआयामिक गरिबी १७.४ प्रतिशत जनसंख्यामा छ भने मधेस प्रदेशमा यो दर करिब २४.२ प्रतिशत छ। शिक्षा, स्वास्थ्य, रोजगारी र विकासको क्षेत्रसहित मानव विकास सूचकांकमा समेत देशका अन्य प्रदेशहरूभन्दा मधेस प्रदेश निकै पछाडि परेको छ।

लगानी जोगाउनै धौ-धौ, कसरी हुन्छ विकास ?

युवा उद्यमी नवीन साहले उच्च शिक्षा हासिल गरेपछि 'मधेसमै केही गर्नुपर्छ' भन्ने उद्देश्यका साथ व्यापार-व्यवसाय सुरु गरे। उनले १ करोडभन्दा बढी रुपैयाँको लागतमा जनकपुरको रेल्वे स्टेसन क्षेत्रमा निकै आधुनिक र सांस्कृतिक पहिचान झल्किने रेस्टुरेन्टको भौतिक संरचना तयार पारे। रेस्टुरेन्ट निर्माणमा स्थानीय उत्पादन बाँसको व्यापक प्रयोग गरेर मौलिकता झल्काउने प्रयास पनि गरे। तर, रेस्टुरेन्ट सञ्चालनमा नआउँदै जनकपुरमा साम्प्रदायिक आन्दोलन र हिंसा चर्किएपछि नवीन चिन्तित छन्।

'मैले स्वपुँजी लगानी गरेर बनाएको रेस्टुरेन्टको छेवैमा प्रहरी चौकी छ भने त्यसको अर्को छेउमा पेट्रोल पम्प छ, यदि हिंसात्मक आन्दोलन चर्केर कतैबाट एउटा आगोको झिल्का मात्रै पुग्यो भने सबै बर्बाद हुन्छ,' नवीनले भने, 'यो मेरो मात्रै समस्या होइन। मधेसमा लगानी गर्न खोज्नेहरूको साझा समस्या बनेको छ। हाम्रो पुँजी सुरक्षित छैन।' मधेसलाई जहिले पनि राजनीतिक रूपमा प्रतिशोध साध्नका लागि विभिन्न तरिकाले प्रयोगशाला बनाइएको उनको आरोप छ। 'तर, यो सब गरेबापत मधेसले के पायो ? सधैं हेपाइ र अवहेलना मात्रै ? अब पनि हामी सचेत भएनौं भने हाम्रो आगामी पुस्ताको भविष्य झनै बर्बाद हुन्छ।'

मधेसको संवेदनशीलता, यहाँको आवश्यकता र यहाँका मानिससँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरामा राज्यपक्ष संवेदनशील नभएकै कारण पटक-पटक मधेसमा सल्किने गरेको सामाजिक अभियन्ता सुरेश शर्मा बताउँछन्। 'मधेसलाई हलुका तरिकाले विश्लेषण गर्ने प्रवृत्ति राज्यको छ र अर्कोतर्फ मधेसवासीले पनि जुन मुद्दा वा जुन सवाललाई लिएर आन्दोलनमा भाग लिन्छन्, पछि त्यसैलाई बिर्सिदिने प्रवृत्ति छ, जसले गर्दा मधेसले जहिले पनि क्षति मात्रै बेहोरेको छ,' शर्मा भन्छन्, 'जबसम्म मधेसवासीले आफ्नो क्षतिलाई विश्लेषण गर्दैनन्, तबसम्म प्रयोग मात्रै भइरहन्छन्। यसबाट निकास पाउने एउटै माध्यम छ- आफ्नो हितमा सोच्ने र मधेस एकताको सूत्रमा बाँधिने।'

मधेस प्रदेशमा १८ हजार ४१९ वटा लघु तथा साना उद्योग र २५ हजार ८ सय ५१ वटा कम्पनीहरू दर्ता रहेको आर्थिक सर्वेक्षण २०८२/८३ को तथ्यांकले देखाउँछ। औद्योगिक कर्जा प्रवाह ५.४२ प्रतिशतले मात्रै वृद्धि भएको यस प्रदेशमा पर्यटन पूर्वाधारतर्फ १२ वटा तारेहोटल सञ्चालनमा छन्।

कुनै बेला ज्ञानको केन्द्र, हाल पहिचान जोगाउनै हम्मे

कुनै बेला मधेस ज्ञान, संस्कृति र शिक्षाको महत्त्वपूर्ण केन्द्र थियो। यहाँका शिक्षकहरू देशभरि नै प्रख्यात थिए। देशका विभिन्न भागबाट शिक्षा आर्जनका लागि विद्यार्थीहरू मधेस आउँथे। तर, अहिले अवस्था निकै फरक छ। पटक-पटकको आन्दोलन, हिंसात्मक गतिविधि र नकारात्मक प्रचारका कारण मधेसको शैक्षिक क्षेत्र धराशायी बन्दै गएको राजर्षि जनक विश्वविद्यालयका सहायक व्याख्याता अशोक साह बताउँछन्।

'१० वर्षअघिसम्म पनि शिक्षाको बेस एक हिसाबले राम्रै थियो तर, अहिले त्यसको स्तर नै ध्वस्त भइसकेको छ,' उनले भने, 'विभिन्न कालखण्डमा विभिन्न भावनाहरूलाई मुद्दा बनाएर मधेसमा राजनीति गर्ने राजनीतिज्ञहरूले यो क्षेत्रलाई प्रयोग गरेका छन्। यहाँका पूर्वाधारहरू भत्किएका छन्। भौतिकभन्दा पनि अभौतिक पूर्वाधारको अवस्था झनै नाजुक बन्दै गएको छ।' विद्यार्थीहरूका लागि अनुशासन, नैतिकता, समयसापेक्ष शिक्षा र अन्तर्राष्ट्रिय प्रतिस्पर्धी शिक्षाको विकासका लागि काम नै नभएको उनको गुनासो छ।

'एकातर्फ हामी सबै एक हौं, कसैमा भेदभाव छैन, अवसरमा समान पहुँच होस् भन्ने अधिकारको आन्दोलनबाट निस्केर अलि तँग्रिन खोजेका छौं,' उनले भने, 'अर्कोतर्फ फेरि नयाँ मुद्दा उठाएर हिंसा भड्काउने क्रियाकलाप गराएर बालबालिकाहरूलाई शिक्षाबाट बिमुख गर्ने खेल भइरहेको छ। यस्तो क्रियाकलाप रोक्न समाजका सचेत वर्ग एकजुट भएर आवाज उठाउनु जरुरी छ।'

मधेस प्रदेशमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयको अनुपात कुल विद्यालयको ६४ प्रतिशत र ३६ प्रतिशत रहेको छ। यहाँ सामुदायिक विद्यालयको संख्या राष्ट्रिय औसतभन्दा ३० प्रतिशत बढी रहे पनि उच्च तहमा विद्यार्थी टिकाउ दर न्यून छ।

गुणस्तरीय शिक्षाको अभाव, अभिभावकमा साक्षरता दरको कमी र रोजगारीको अभावका कारण युवाहरू सानातिना विषयमा पनि हिंसात्मक दंगा र झडपमा भाग लिन उन्मुख हुने गरेको शिक्षक प्रमोद झाको धारणा छ। बालबालिकाहरूलाई उज्ज्वल भविष्यका लागि तयार गर्नेतर्फ ध्यान पुऱ्याउन सकिएन भने उनीहरू अझ बढी उग्र र उदण्ड हुने सम्भावना रहेको झा बताउँछन्।

मधेसले कहिलेसम्म द्वन्द्व र हिंसा भोग्ने ?

'२०४६ सालदेखि निरन्तर कुनै न कुनै खालको हिंसा, द्वन्द्व र विध्वंस भोग्दै आएको मधेसमा शान्ति र स्थिरता कहिले आउँछ ?,' महिला अधिकारको क्षेत्रमा काम गर्दै आएकी श्याम साहको प्रश्न छ। 'हामी मधेसीहरूले कहिलेसम्म द्वन्द्व र हिंसाको मार सहनुपर्ने हो ? थाहा छैन,' उनी भन्छिन्, 'माओवादी द्वन्द्वपछि २०६३/६४ मा पहिलो मधेस आन्दोलन र ०७२/७३ मा दोस्रो मधेस आन्दोलनको मारमा हामी पर्‍यौं। त्यस आन्दोलनले पहिचान र अधिकार दिलाए पनि त्यसलाई मधेसका राजनीतिक दलहरूले संस्थागत गर्न नसक्दा त्यसको हर्जाना पनि यहाँका जनताले नै चुकाइरहेका छन्।'

मधेस आन्दोलनपछि पनि भूमिगत सशस्त्र समूहको बिगबिगी र त्रास मधेसी जनताले नै भोगेको साह बताउँछिन्। धार्मिक व्यक्तिहरूले कहिल्यै पनि अतिवादी क्रियाकलाप र हिंसालाई प्रवर्द्धन गर्ने नसक्ने भन्दै साहले अनावश्यक हल्ला र आक्रामकताका पछाडि लागेर आफ्नै नोक्सान गर्न नहुने बताइन्।

पहिलो मधेस आन्दोलनमा मधेसमा ५४ जनाले ज्यान गुमाएका थिए भने दोस्रो मधेस आन्दोलनमा ५६ जनाको मृत्यु भएको विभिन्न तथ्यांकहरूले देखाउँछन्।

खुला सीमा पनि हिंसा भड्काउने कारक

प्रदेशका ८ वटै जिल्ला भारतसँगको खुला सीमानासँग जोडिएका छन्। खुला सीमानाका कारण मधेसलाई थुप्रै फाइदा भए पनि अनगिन्ती नोक्सानी पनि व्यहोर्नुपरिरहेको छ।

'यो भूमि अशिक्षा, गरिबी र विभेदले सधैं थिचियो। यहाँका मानिसहरूले आफ्नो पहिचान र अधिकारका लागि सधैं संघर्ष गर्नुपरेको छ। राज्यप्रति एक खालको वितृष्णा छ, त्यसकै परिणति देखिन्छ- सामान्य कुराहरूमा पनि अत्याधिक आक्रोश र हिंसा,' राजनीतिक विश्लेषक रणधीर चौधरी भन्छन्, '१९९० पछि सम्भावनाका जुन अवसरहरू खुले, त्यसको लाभ मधेसले पनि लियो। यहाँका मानिसहरू भारतसहित खाडीमुलुकमा गएर परिश्रम गरी रोजगार पाए।

त्यहाँबाट पठाएको पैसाले आफ्ना बालबालिकाहरूलाई राम्रो शिक्षादीक्षा दिने प्रयासमा लागे। घरहरू पक्की बन्न थाले र त्यससँगसँगै अधिकारको खोजी पनि हुन सुरु भयो।' देशको अनुहारमा आफ्नो भाषा, आफ्नो अनुहार हेर्न नपाउँदा मधेसका जनतामा रिस र आवेग बनेको चौधरीको भनाइ छ। 'खुला सीमानाका कारण थुप्रै अवाञ्छित गतिविधिहरू पनि मधेसमा भइरहेका छन्,' चौधरी भन्छन्, 'जसकारण यहाँका केही व्यक्तिहरूले 'इजी मनी' कमाउने उपाय बनाए। त्यो इजी मनीसँगै अपराधलाई प्रश्रय दिने खालका थुप्रै विषयहरूले पनि मधेसमा प्रवेश पाएका छन्। र बेलाबेलामा आक्रमण, हिंसा र मुठभेडका घटना भइरहेका छन्।'

हिंसात्मक गतिविधिले कहिल्यै पनि विकास र समृद्धि दिन नसक्ने जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव बताउँछन्। 'हामी धार्मिक भाइचारा र प्रेमभावले यो समाजमा बस्दै आएका छौं। कतै कसै एक जनाबाट गल्ती भयो भने त्यसलाई साम्प्रदायिक मुद्दा बनाएर हिंसा र आतंक मच्चाउनु उचित होइन,' महन्थ दास भन्छन्, 'समाज अहिले विकृततर्फ बढी उन्मुख भएको छ। गोली-बन्दुक, ढुंगामुढा र अराजकताले समाजमा घृणा मात्रै फैलाउँछ, त्यसैले मेरो अनुरोध छ- हामी विकास, पर्यटन प्रवर्द्धन र सुनौलो भविष्य बनाउनका लागि प्रयत्न गरौं, हिंसा त्यागौं।'

६५ जना पक्राउ

नेपाल प्रहरीले साम्प्रदायिक तथा सामाजिक सद्भावमा खलल पुऱ्याउने गतिविधिमा संलग्न रहेको आरोपमा ६५ जनालाई पक्राउ गरेको छ। प्रहरी प्रधान कार्यालयकाअनुसार सबैभन्दा बढी धनुषाबाट ४५ जना, सर्लाहीबाट ९ जना, सिरहाबाट ५ जना, महोत्तरीबाट २ जना, पर्साबाट १ जना, सप्तरीबाट १ जना र सुनसरीबाट २ जनालाई नियन्त्रणमा लिइएको छ।

पछिल्ला दिनहरूमा तराई-मधेसका विभिन्न जिल्लामा साम्प्रदायिक तथा सामाजिक सद्भाव बिगार्ने घटनाहरू बढ्दै गएपछि सामाजिक शान्ति, सुरक्षा र सद्भाव कायम राख्न सुरक्षा निगरानी तथा कानुनी कारबाहीलाई थप प्रभावकारी बनाइएको प्रहरीले जनाएको छ। 'सामाजिक सञ्जालमा कुनै पनि खालको साम्प्रदायिक वा धार्मिक द्वन्द्व फैलाउने खालका अभिव्यक्ति वा कन्टेन्टहरू राखिएको पाइएमा नियन्त्रणमा लिएर कडाभन्दा कडा कारबाही गर्छौं,' धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल भन्छन्, 'सामाजिक सञ्जालमा निकै गम्भीरताका साथ निगरानी गरिरहेका छौं। अब कुनै पनि हिंसा र प्रतिशोध भड्काउने खालका क्रियाकलाप गर्नेहरूलाई उन्मुक्ति दिइने छैन।'

जनकपुरमा सद्भाव ज्याली

जिल्ला प्रशासन कार्यालय धनुषाको अगुवाइमा जनकपुरमा 'नेपाली एकता जिन्दावाद, हामी सबै एक हौं' जस्ता नाराहरू घन्काउँदै शनिबार सद्भाव ज्याली निकालिएको थियो। रेल्वे स्टेसनबाट निकालिएको सद्भाव ज्यालीमा विभिन्न सम्प्रदायका नागरिकहरूले सहभागिता जनाएका थिए। ज्यालीमा धनुषा निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य मनिष झा, रास्वपा सांसद रामविनोद यादव, जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहहरूसहितका जनप्रतिनिधिहरूको समेत सहभागिता थियो।

शुक्रबार जिल्ला प्रशासन कार्यालय धनुषामा बसेको सर्वपक्षीय बैठकले सद्भाव ज्याली निकाल्ने निर्णय गरेको थियो। सद्भाव ज्याली निस्केकै बेला असन्तुष्ट पक्षहरूले विरोधमा नाराबाजी गरेका थिए। असन्तुष्ट पक्षहरूले जसको आन्दोलन हो उनीहरूकै असहमति रहेको भन्दै सामाजिक सञ्जालमा चर्चा गरेका थिए। त्यसैकारण मधेस अझै पनि शान्त भइनसकेकाले जिम्मेवार निकाय चनाखो भएर बस्नुपर्ने यहाँका बुद्धिजीवी बताउँछन्।

दीपमाला भइन् मिस नेपाल

दीपमाला ढकालले मिस नेपाल २०२६ को उपाधि जितेकी छन् । ललितपुरमा शनिबार आयोजित ग्रान्ड फिनालेमा २३ जना प्रतिस्पर्धीलाई पछि पार्दै ढकालले मिस नेपाल २०२६ को ताज पहिरिएकी हुन् । उनले मिस नेपाल हुडकुङ इन्टरनेसनलको उपाधिसमेत जितेकी हुन् । कशिस सुब्बाले मिस नेपाल कस्मो २०२६ को उपाधि जितिन् भने आर्या निशात मिस नेपाल इन्टरनेसनल २०२६ घोषित भइन् । ● अभिषेक महर्जन

बागमतीको मुख्यमन्त्रीमा थपलियालाई अघि सारिने

काठमाडौं (अन्नपूर्ण): नेकपा एमालेले बागमती प्रदेश संसदीय दलको नेता परिवर्तन नगर्ने निर्णय गरेसँगै बागमती प्रदेशको आगामी मुख्यमन्त्रीका रूपमा जगन्नाथ थपलियालाई अघि सार्ने पक्का भएको छ।

केन्द्रमा एमाले र नेकपाबीच भएको सत्ता साझेदारी सहमतिअनुसार बागमती प्रदेश सरकारको नेतृत्व एमालेले पाउने तय भएको थियो। नेतृत्व प्राप्त भएसँगै एमालेभित्र मुख्यमन्त्रीको दाबेदारका रूपमा संसदीय दलका नेता जगन्नाथ थपलिया र निवर्तमान स्वास्थ्य मन्त्री किरण थापा मगरबीच प्रतिस्पर्धा देखिएको थियो। थापालाई संसदीय दलको नेता बनाएर मुख्यमन्त्री अघि सार्न पार्टीभित्र हस्ताक्षर संकलनसमेत भएको थियो।

काठमाडौंमा एमाले अध्यक्ष केपी शर्मा ओली र महासचिव शंकर पोखरेलसहित शीर्ष नेताहरूसँग भएको छलफलपछि पार्टीको विधि, पद्धति र संसदीय परम्पराअनुसार नै वर्तमान दल नेता थपलियालाई नै निरन्तरता दिने र मुख्यमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको एमाले बागमती प्रदेशका प्रमुख सचेतक एकलाल श्रेष्ठले जानकारी दिए।

प्रदेशका पूर्वआर्थिक मामिला मन्त्रीसमेत भइसकेका थपलियालाई मुख्यमन्त्री बनाउने बाटो खुला भए पनि नयाँ सरकार गठनका लागि प्रदेशसभाको अंकगणित जुटाउन भने चुनौतीपूर्ण छ। हाल १०४ सदस्यीय कायम रहेको बागमती प्रदेशसभामा सरकार गठनका लागि ५३ सांसदको समर्थन आवश्यक पर्छ। एमालेका २५ र नेकपाका २६ गरी ५१ सांसद मात्रै पुग्ने भएकाले बहुमतका लागि कम्तीमा थप दुई सांसदको समर्थन अनिवार्य छ।

एमाले र नेकपाले १२ सिट रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत साना दलहरूसँग संवाद अगाडि बढाएका छन्। आवश्यक बहुमत जुट्नासाथ थपलियाले प्रदेश प्रमुखसमक्ष नयाँ मुख्यमन्त्रीका लागि दाबी पेस गर्नेछन्।

साम्प्रदायिक तनावमा ढाल बन्दै बालबालिका

राजकरण महतो | *बर्दिबास*

महोत्तरीको गौशाला बजारमा सुनसरी र सिरहामा भएको घटनाको विरोधमा टायर बालेर प्रदर्शन भइरहेको थियो। त्यहाँ पिठ्यूँमा किताबको झोला भिरेका स्कुले बालबालिका पनि प्रदर्शन वरिपरि थिए। कोही नाराबाजी गर्दै थिए भने कोही टायर बाल्दै गरेको पनि देखिन्थ्यो। भदौ २३ र २४ को जेन–जी आन्दोलनमा पनि यस्तै प्रवृत्तिले बालबालिकाहरूको प्रयोग गरिएको थियो, जहाँ दर्जनौं बालबालिकाहरू प्रहरीको गोली लागेर ढलेका थिए। त्यही दृश्य गौशालासहित तराई-मधेसका जिल्लाहरूमा देखिएको छ।

पछिल्ला दिनहरूमा सुनसरी र सिरहामा भएको साम्प्रदायिक दंगाको विरोधमा भइरहेको आन्दोलनमा बालबालिकाहरूको प्रयोग भइरहेको मधेस प्रदेश सरकार र प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएका छन्। त्यसबारे शुक्रबार सरकार र प्रहरीसम्बद्ध निकायले प्रेस नोट जारी गर्दै अभिभावकहरूलाई अपिल पठाएका छन्।

गृह, सञ्चार तथा कानुन मन्त्रालय जनकपुरधामले आन्दोलनमा आफ्ना बालबालिकाहरू नपठाउन र सचेत हुन अनुरोध गरेको छ। गृहमन्त्री फकिरा महतोले अभिभावकहरूलाई हार्दिक अपिल जारी गर्दै भनेका छन्, 'हाल मधेस प्रदेशका केही स्थानमा देखिएको साम्प्रदायिक तनाव तथा हिंसात्मक घटनाका क्रममा सडक प्रदर्शन, जुलुस र भीडमा कलिला बालक तथा युवाहरूको संलग्नता बढिरहेकोप्रति प्रदेश सरकार अत्यन्त चिन्तित छ।'

हिंसात्मक गतिविधिमा कोही पनि जान नहुने गृह मन्त्रालयले जारी गरेको अपिलमा उल्लेख छ। मन्त्री महतोले अभिभावकहरूलाई भनेका छन्, 'तपाईंको एउटा निर्णयले तपाईंको सन्तानको भविष्य सुरक्षित गर्न सक्छ। कृपया आफ्ना छोराछोरीलाई कुनै पनि उक्साहट, अफवाह, उत्तेजना वा हिंसात्मक गतिविधिमा सहभागी हुन नदिनुहोस्। अत्यावश्यक

महोत्तरीको गौशालामा भएको आन्दोलनमा पुगेका बालबालिकाहरू । ● राजकरण महतो

कामबाहेक घरबाहिर नपठाउनुहोस्।'

मन्त्रालयले बालबालिकाहरूको गतिविधिमा निगरानी राख्न र सामाजिक सञ्जालमा फैलिने भ्रामक तथा भड्काउ सूचनाबाट सचेत रहन पनि अभिभावकहरूलाई अनुरोध गरेको छ।

क्षणिक आवेगमा गरिएको एउटा गलत कदमले जीवनभर पछुताउनुपर्ने अवस्था सिर्जना हुन सक्ने मन्त्री महतोको भनाइ छ। 'तपाईंको संरक्षण, मार्गदर्शन र सचेतनाले एउटा बालकको भविष्यमात्र होइन, परिवार, समाज र समग्र मधेस प्रदेशको शान्ति, सद्भाव र सामाजिक एकतालाई समेत सुरक्षित राख्न सक्छ,' मन्त्री महतोले अनुरोध गर्दै भनेका छन्, 'शान्ति, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र कानुनको पालनामा सक्रिय सहयोग गरिदिनुहुन सम्पूर्ण अभिभावकज्यूहरूमा मधेस प्रदेश सरकारका तर्फबाट हार्दिक अपिल गर्दछु। आफ्ना सन्तानलाई भिड होइन शिक्षा, हिंसा होइन मानवता, द्वेष होइन सद्भाव र सहिष्णुताको बाटो रोज्न प्रेरित गरौं।'

यता मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले सुनसरी जिल्लाको घटनालाई लिएर मधेस प्रदेशका केही स्थानमा देखिएको साम्प्रदायिक तनाव तथा कानुन-व्यवस्था प्रतिकूल गतिविधिका क्रममा सडक प्रदर्शन, जुलुस तथा भिडमा बालबालिकाको संलग्नता बढिरहेको जनाएको छ। यस विषयमा प्रहरी कार्यालय जनकपुरधामको गम्भीर ध्यानाकर्षण भएको प्रेस नोटमा उल्लेख छ।

सहप्रवक्ता तथा सूचना अधिकारी प्रहरी उपरीक्षक भेषराज रिजालले भनेका छन्, 'आफ्ना बालबालिकालाई हुलदंगा, हिंसात्मक तथा कानुन-व्यवस्थाप्रतिकूल कुनै पनि गतिविधिमा सहभागी हुन नदिन, अत्यावश्यक कामबाहेक घरबाहिर नपठाउन, उनीहरूको गतिविधिमा निगरानी राख्न तथा सामाजिक सञ्जालमा फैलिने भ्रामक र भड्काउ सूचनाबाट सचेत रहनुहोस्।'

बालबालिकाको सुरक्षा, शान्ति, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा कानुनको पालनामा सहयोग पुऱ्याउनु हुन सम्पूर्ण अभिभावक, जनप्रतिनिधि, शिक्षक, समाजसेवी तथा समुदायका सबै सदस्यहरूमा सक्रिय सहयोगका लागि प्रहरीले अपिल गरेको छ।

किन हुन्छ डिम्ब तस्करी ?

चर्चित डाक्टरहरूले नै विभिन्न व्यक्तिलाई आर्थिक प्रलोभन दिएर डिम्ब तथा वीर्य किन्ने-बेच्ने धन्दा चलाइरहेका छन्।

अजवी पौडचाल | *काठमाडौं*

गत असार १४ गते ललितपुरको ग्वार्कोस्थित बी एन्ड बी आईभीएफमा लगेर १७ वर्षीया नाबालिगको डिम्ब निकालिएको छ। कक्षा ११ मा पढ्ने ती नाबालिगलाई एजेन्टमार्फत पैसाको प्रलोभन दिएर डिम्ब बेच्नका लागि तयार गरिएको थियो। स्त्रीरोग विशेषज्ञ डा. नूतन शर्माको टोलीले किशोरीको डिम्ब निकालेको थियो। परिवारलाई थाहा नदिई डिम्ब निकाल्नका लागि राजी भएकी किशोरीको डिम्ब निकालेपछि अनेक समस्या आएर बिरामी परेकी थिइन्। अनि मात्रै यो विषय उनका आफन्त हुँदै प्रहरीसम्म पुगेको थियो।

जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता गौतम मि श्रका अनुसार नाबालिगको डिम्ब तस्करीको घटनामा लमजुङकी २१ वर्षीया राधिका गोतामे पक्राउ परेकी थिइन्। अदालतले उनलाई हाजिरी जमानीमा छाडेको छ। 'घटनामा संलग्न अन्य व्यक्ति पनि भएकाले गोप्य रूपमा अनुसन्धान गरिएको छ,' उनले भने। घटनामा संलग्न केही फरार रहेका छन्, निगरानी बढाएर अनुसन्धान अगाडि बढाइएको छ।

राधिकाले नै ती किशोरीलाई पैसाको प्रलोभन दिएर 'डिम्ब निकाल्दा केही फरक पर्दैन' भन्दै तयार पारेकी थिइन्। आफूले पनि पटक-पटक डिम्ब दिएको बताउँदै एक पटक डिम्ब निकालेको ५० हजार रुपैयाँ प्राप्त हुने भन्दै प्रलोभन दिएकी थिइन्। पैसाको प्रलोभनमा पर्दै किशोरीले डिम्ब निकालेकी थिइन्। त्यसपछि राधिकाले उनलाई ३० हजार मात्र दिएकी थिइन्।

डा. नूतन शर्माको टोलीले किशोरीको डिम्ब निकालेको पीडितको भनाइ छ। तर, डा. शर्माविरुद्ध भने कुनै पनि कानुनी अप्ठ्यारो परेको छैन। उनी देशबाहिर रहेको बताइएको छ। किशोरीको शरीरमा समस्या आएर उपचारपछि पीडित परिवारले प्रहरीमा उजुरी दिएको थियो। जिल्ला प्रहरी परिसर ललितपुरमा उनीहरूले उजुरी दिएका हुन्।

२०८२ को असारमा पनि काठमाडौंमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले यस्तै डिम्ब तस्करीमा संलग्नहरूलाई पक्राउ गरेको थियो। बबरमहलको होप फर्टिलिटी एन्ड रिसर्च सेन्टर र महाराजगन्जस्थित एन्जल फर्टिलिटी क्लिनिकमार्फत डिम्बको तस्करी भएको भन्दै त्यहाँका सञ्चालकसमेत अनुसन्धानमा तानिएका थिए। अनुसन्धानका क्रममा डा. स्वस्ति शर्मा, प्रत्युषा बराल, असीम अधिकारी, मलिनी चौधरी, एलिसा ओली र जस्टिना प्रधानसहित ७ जनाविरुद्ध मुद्दा चलाउन सिफारिस गरिएको थियो।

अनुसन्धान सकेर सीआईबीले गत भदौमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६६ अनुसार जिल्ला सरकारी वकिल कार्यालयमा मुद्दा दर्ता गरेको थियो। तर तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारीले गत ३० असोजमा यो मुद्दा नचल्ने निर्णय गरेकी थिइन्। भण्डारीको निर्णय विवादमा आएको थियो।

किन निकालिन्छ डिम्ब ?

निःसन्तान दम्पतीलाई सन्तान प्राप्तिका लागि अन्य महिलाको डिम्ब प्रयोग गरिन्छ। यसरी संकलन गरिएको डिम्बलाई आईभीएफमार्फत बच्चाको उत्पादन (प्रजनन) गरिन्छ। पछिल्लो समय नेपालमा निःसन्तान दम्पतीलाई सन्तान प्राप्त हुने बहानामा आईभीएफ सेन्टर खुल्ने प्रचलन बढ्दो छ। यसलाई नियमन गर्न कानुन नहुँदा अनेक समस्या देखिइरहेका छन्। चर्चित डाक्टरहरूले नै विभिन्न व्यक्तिलाई आर्थिक प्रलोभन दिएर डिम्ब तथा वीर्य किन्ने-बेच्ने धन्दा चलाइरहेका छन्। यही पद्धतिमार्फत केही दम्पतीहरूले सन्तान प्राप्ति पनि गरेका छन्।

कानुनी प्रबन्ध के-के छ ?

अवैध रूपमा डिम्ब बेचबिखन गरेको घटना बढ्न थालेपछि सरकारले नयाँ मापदण्ड तयार पारेको थियो। सरकारले निःसन्तान उपचार (आईभीएफ) सेवालाई नियमन गर्न 'निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२' जारी गरेको थियो।

संविधानले सुनिश्चित गरेको प्रजनन अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न र बाँझोपना उपचार सेवामा एकरूपता ल्याउन मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ अनुसार अधिकार प्रयोग गरी मापदण्ड जारी गरेको छ। यो मापदण्डअनुसार नाबालिगले डिम्ब दान गर्न पाउँदैनन्।

मापदण्डअनुसार अब डिम्बदान प्रक्रिया निश्चित सीमा, गोपनीयता र स्वास्थ्य सुरक्षासहित गर्नुपर्नेछ। डोनरको उमेर २० देखि ३५ वर्षभित्रको हुनुपर्ने र डिम्बदान गर्नुअघि शारीरिक परीक्षण र प्रयोगशाला जाँचमार्फत सरुवा रोग नभएको प्रमाणित गर्नुपर्ने व्यवस्था गरिएको छ।

महिला, कानुन तथा विकास मञ्चका कार्यकारी निर्देशक तथा अधिवक्ता सविन श्रेष्ठका अनुसार नेपालको कानुनले डिम्बदानलाई अपराध मानेको छैन। कानुन पूर्ण नभएकाले पनि यस्ता घटना बढिरहेका छन्। 'डिम्बलाई दान गर्ने भनिएको छ,' उनी भन्छन्, 'तर यहाँ डिम्ब किन्ने र बेच्ने समूह नै सक्रिय छन्।' आईभीएफ सेन्टरको बाटो हिँड्ने मान्छेलाई समेत जबरजस्ती लगेर, प्रलोभन पारेर डिम्ब निकालिदिने गरेका घटना पनि सुन्नमा आएको उनले जानकारी दिए।

अधिवक्ता श्रेष्ठ आईभीएफ सेन्टरले डोनरको रूपमा लिने व्यक्तिहरू अहिलेसम्म आर्थिक रूपमा कमजोर अवस्थाका देखिन्छन्। अहिलेसम्म डिम्ब दानको विषयमा कानुनले प्रस्ट रूपमा सम्बोधन गरेन। आईभीएफ सञ्चालकहरू आफू अनुकूलको कानुन ल्याउनका लागि लबिइङ गरिरहेको देखिन्छ। कानुन बन्ने क्रममा छ। श्रेष्ठ थप्छन्, 'जे भए पनि नाबालिगको डिम्ब तस्करी गर्नेहरूलगायत विरुद्ध बालबालिकासम्बन्धी कसुर र मानव बेचबिखन कसुरमा पनि अनुसन्धान गर्न सकिन्छ।'

डिम्ब निकाल्ने प्रक्रिया सामान्य मानिस वा बिचौलियाले एक्लै गर्न सक्ने काम होइन। यसका लागि उच्चस्तरीय प्रविधि, भिडियो एक्स-रे (अल्ट्रासाउन्ड), हर्मोनल इन्जेक्सन र शल्यक्रियात्मक प्रविधि आवश्यक पर्छ। त्यसैले यस्ता घटनामा पोख्त आईभीएफ विशेषज्ञ र नाम चलेका क्लिनिकहरूकै मुख्य हात हुने गरेको अधिवक्ता श्रेष्ठले जानकारी दिए।

प्रहरीले अनुसन्धान गर्ने क्रममा डा. नूतन शर्मा र पक्राउ परेकी राधिका गोतामेबीच पटक-पटक आर्थिक लेनदेन भएको पनि भेटिएको छ। यस विषयमा ललितपुर प्रहरी प्रवक्ता मिश्र टुंग्याउँछन्, 'अनुसन्धान चलिरहेको छ, दोषी उम्कँदैनन्।'

राज्य बलियो बनोस् तर, नियम-कानुनको सीमामा : सपना प्रधान मल्ल

अन्नपूर्ण | *काठमाडौं*

सर्वोच्च अदालतकी वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले राज्य नियम र कानुनको सीमामा बलियो हुनुपर्ने बताएकी छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले 'प्रकाश काफ्लेको ३४ औं स्मृति दिवस' तथा '३२औं प्रकाश मानव अधिकार पुरस्कार' वितरण समारोहलाई सम्बोधन गर्दै वरिष्ठतम न्यायाधीश प्रधानले लोकतन्त्रलाई शक्तिशाली व्यक्तिले कति सुविधा पाउँछ भन्नेभन्दा पनि एक निरीह नागरिकले कसरी संरक्षण पाउँछ भन्ने कुराले निर्धारण गर्ने बताइन्।

पछिल्लो समय तराई-मधेसका केही जिल्लामा देखिएका घटनाहरूतर्फ संकेत गर्दै वरिष्ठतम न्यायाधीश प्रधानले हिंसालाई भड्काउने नभई शान्तिको बाटोमा हिँड्नुपर्ने बताइन्। उनले पछिल्लो समय विकसित प्रविधिहरूले मानिसको जनजीवनमा सहजता थप्नुका साथै भ्रम र अफवाहहरूको चुनौतीसमेत थपेको बताउँदै भनिन्, 'प्रविधि अगाडि बढोस्, तर मान्छे पछाडि नपरोस्।'

नेपालमा सुन्दर संविधान र सक्षम कानुन रहेको बताउँदै वरिष्ठतम न्यायाधीश प्रधानले राज्यले नागरिकका असहमतिहरूलाई दबाएर समस्याको समाधान ननिस्किने बताइन्। लोकतन्त्र नागरिकका लागि खुला क्षेत्र हुनुपर्ने बताउँदै उनले नागरिकमाथि राज्यले लगाउने प्रतिबन्धहरू पूर्वनिर्धारित हुनुपर्ने बताएकी छन्।

राज्यका सबै अंगको काम नागरिकको सुरक्षामा केन्द्रित हुनुपर्ने बताउँदै उनले मानव अधिकारको सवाल र विषय

अहिले अचानक आविष्कार भएको नभई धेरै योगदान र लगानीबाट प्राप्त भएको बताइन्। इन्सेकले मानव अधिकारको बत्ती निभ्न नदिए पनि पछिल्ला वर्षहरूमा धिपधिपे जस्तो बनिरहेको टिप्पणी गर्दै वरिष्ठतम न्यायाधीश प्रधानले हिजोको लोकतन्त्र र आजको अवस्थामा धेरै फरकहरू देखिएको बताइन्। उनले देशका युवामा व्याप्त असन्तोषहरूलाई राज्य र सरकारले सुझाव एवं अगाडि बढ्ने अवसरका रूपमा लिनुपर्ने समेत बताइन्।

कार्यक्रममा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले देशमा पछिल्ला केही वर्षयता भएका घटनाहरूले संविधान लछारपछारमा परेको टिप्पणी गरेका छन्। उनले अहिले देशमा राजा नभए पनि लोकतन्त्रमाथिको खतरा अझै रहिरहेकै बताएका छन्। उनले पछिल्लो समय तराई-मधेसका केही जिल्लामा भएका अप्रिय घटना भदौ २३-२४ को घटनाकै सानो पुनरावृत्ति भएको समेत टिप्पणी गरेका छन्। राज्य र सरकार पनि संविधान तथा कानुन मिच्ने कुरामा अगाडि देखिएको बताउँदै वरिष्ठ अधिवक्ता अधिकारीले राज्यको नेतृत्व गरेका प्रधानमन्त्री वालेन्द्र शाह सरकार र संसद्प्रति जवाफदेही बन्नुपर्ने बताएका छन्।

कार्यक्रममा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले धर्मले कसैलाई घृणा र आलोचना नगर्ने बताउँदै देशमा देखिएका पछिल्ला घटनामा धर्ममा राजनीति घुसाएर स्वार्थ सिद्ध गर्ने प्रवृत्ति देखिएको बताए। उनले पछिल्लो समय धर्मका नाममा राजनीति गरेर मिलेर बसेको समुदाय-समुदायलाई भिडाउने खालका प्रवृत्तिहरू देखिएको बताउँदै सही सूचना सम्प्रेषण नहुँदा 'हिजो त केही भएन' भन्ने भाष्य जबरजस्त सिर्जना भइरहेको बताए। उनले इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्ले अहिले नभए पनि उनको मानव अधिकारको आन्दोलन जारी रहेको बताएका छन्।

कार्यक्रममा कमलामाई नगरपालिका-९, सिन्धुली घर भएका पत्रकार रुद्रबहादुर खड्कालाई '३२औं प्रकाश मानव अधिकार पुरस्कार-२०८२' प्रदान गरिएको छ। कार्यक्रमकी प्रमुख अतिथि सर्वोच्च अदालतकी वरिष्ठतम न्यायाधीश सपना मल्ल प्रधानले खड्कालाई ५१ हजार रुपैयाँ नगदसहितको पुरस्कार प्रदान गरेकी हुन्।

पत्रकारिताका माध्यमबाट नागरिकको मानव अधिकार संरक्षण र प्रवर्द्धनमा पुऱ्याएको योगदानको कदर गर्दै खड्कालाई उक्त पुरस्कार प्रदान गरिएको हो।

सम्पादकीय

विपद्को ऐनामा राज्यको अनुहार

वैशाखदेखि साउन १५ सम्मको छोटो अवधि। तर, समयको यो सानो खण्डले नेपाली समाजको छातीमा छाडेर गएको घाउ आलो र असाध्यै गहिरो छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांक हेर्दा लाग्छ, हामी हरेक दिन मृत्युको पर्खाइमा बाँचिरहेका छौं। जम्मा तीन महिनामा १ सय ९३ जनाको ज्यान जानु र ११ सयभन्दा बढी नागरिक घाइते हुनु केवल अंकगणितको योगफल होइन, यी निभाइएका १ सय ९३ वटा सपना हुन्, असहाय बनेर भत्किएका घरपरिवार हुन्। तथ्यांकको पत्र पल्टाउँदा सबैभन्दा विरक्तलाग्दो र उदेकलाग्दो यथार्थ सर्पदंशमा देखिन्छ। ५३ जनाले सर्पको टोकाइबाट अकालमै ज्यान गुमाउनु हाम्रो ग्रामीण स्वास्थ्य प्रणालीको दयनीय र अनुत्तरदायी चित्र हो। समयमै 'एन्टिस्नेक भेनम' नपाएर वा प्राथमिक उपचारको अभावमा नागरिकले ज्यान गुमाउनुलाई प्राकृतिक विपद् मात्र भनेर राज्य पन्छिन मिल्दैन, यो त राज्यको संरचनागत असफलता हो।

चट्याङ; लेक लाग्ने समस्या र आगलागीबाट ज्यान गुमाउनेको संख्याले पनि हाम्रो पूर्वतयारी, जनचेतना र प्रतिकार्यको स्तरलाई नै गिज्याइरहेको छ। यता, पहिरो र बाढीले ३४ जनाको ज्यान लियो, ५ हजारभन्दा बढी परिवारको बास खोस्यो। विकासका नाममा पहाडका छाती चिरेर खनिएका सडक, जहाँ न कुनै दिगो वातारणीय अध्ययन छ, न त 'बायोइन्जिनियरिङ' (जैविक इन्जिनियरिङ) को वैज्ञानिक प्रयोग नै गरिएको छ, तिनै सडक आज मृत्युको धराप बनेका छन्। हामीले निर्माण गरेका पूर्वाधार वातावरणमैत्री नहुँदा र नीति तथा व्यावहारबीचको गहिरो खाडल नपुरिँदा, हरेक वर्षातमा डाँडाकाँडा पहिरो बनेर बस्तीमाथि खस्छन्। डोजर आतंकले निम्त्याएको यो मानवनिर्मित विपद्लाई हामी कति दिनसम्म 'प्राकृतिक प्रकोप' को लेपन लगाइरहने? एउटा जिम्मेवार विकास पत्रकारिताको आँखाबाट विश्लेषण गर्दा, हाम्रा पूर्वाधार निर्माणका नीति र अभ्यासलाई तत्काल नसुधार्ने हो भने यस्ता नियति हामीले हरेक साल भोग्नुपर्नेछ।

हावाहुरी र जनावरको आक्रमणले लिएका ज्यानहरूले पनि विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका र वन संरक्षण नीतिको कमजोरीलाई उजागर गरेका छन्। विपद् बाजा बजाएर आउँदैन, तर विपद्को जोखिम पक्कै घटाउन सकिन्छ। जबसम्म राज्यको संयन्त्र विपद्पछिको हेलिकप्टर उडान र राहत बाँड्ने कर्मकान्डमा मात्र सीमित रहन्छ, तबसम्म आँसुको यो शृंखला रोकिने छैन। अब राज्यले समग्र विकासको परम्परागत ढाँचालाई बदल्नैपर्छ। सडक खन्दा माटो र प्रकृतिको संरक्षण गर्ने दिगो इन्जिनियरिङलाई कडाइका साथ अनिवार्य गरिनुपर्छ। गाउँगाउँका स्वास्थ्य चौकीमा सर्पदंशको उपचार र स्रोतसाधनको पूर्ण प्रत्याभूति हुनुपर्छ। नागरिकको ज्यान बचाउनु राज्यको पहिलो दायित्व हो। हरेक वर्ष मनसुन सकिएपछि तथ्यांक जोडेर मृतकको सूची लामो बनाउने नियतिबाट अब देशलाई मुक्त गर्नैपर्छ। आँसु र शोकमा डुबेका ती ५ हजार विस्थापित परिवारको छानो फर्काउने र मृत्युको यो कहालीलाग्दो आँकडालाई शून्यमा झार्ने संकल्प नै आजको राष्ट्रिय प्राथमिकता बन्नुपर्छ।

बिउँझिनेछ बाँझो धरती

खेती गर्न सम्भावना भएको र खेती गरिएको जमिनको प्रतिशतको खाडल कुल सम्भावित खेतीयोग्य जमिनको करिब आधा हो।

डा. अम्बिका शर्मा

अग्रमत



भनिन्छ, उत्पादन घट्यो, आयात बढ्यो र व्यापार घाटा बढ्यो। तर, उत्पादन बढाउन, खेतीको दायरा फराकिलो बनाउन, रासायनिक मलको विकल्प खोज्न र भएको उत्पादनको ब्रान्डिङ गर्न हामीले के गर्‍यौं? वास्तवमा जमिनको पूर्ण उपयोग गर्न सकेनौं। पूर्व-पश्चिम राजमार्ग, मध्यपहाडी राजमार्ग र हिमाली राजमार्गको आसपासमा देखिने घाँसे मैदान, उर्वर बगर, फराकिला पाटन, उपत्यका, थली र उच्च हिमालको विश्वकै शुद्ध माटो जंगली झारले ढाकिएको छ। यसलाई उपयोगमा ल्याउन सकेमा नेपालले साँच्चिकै कृषि क्रान्ति गर्न सक्छ।

> उपयोगमा ल्याउन नसकिएको जमिनलाई वैज्ञानिक रूपमा प्रयोग गर्ने हो भने कृषिले नै रेमिट्यान्सलाई उछिनेर देशको सबैभन्दा ठूलो आम्दानीको स्रोत बन्न सक्छ र नेपाल साँच्चिकै कृषिप्रधान देश बन्न सक्छ।

वास्तवमा, विशाल बाँझो सरकारी जमिनलाई आधुनिक औजार र प्रविधिले जीवित बनाउने, त्यहाँ विश्व बजारले खोजेको उच्च हिमाली अर्गानिक खाद्य उत्पादन गर्ने, राष्ट्रिय ब्रान्ड बनाउने र ठूलो परिमाणमा विदेशी मुद्रा आर्जन गर्ने अवधारणा यस लेखमा छ। नेपालमा गलत भाष्य बनाएर भ्रम सिर्जना गरिएको छ कि यहाँ खेतीयोग्य जमिन कम छ र भएको जमिन पनि अंशबन्डाले टुक्रिएकाले व्यावसायिक खेती सम्भव छैन। तर, तथ्यांकले यो भ्रमलाई स्पष्ट रूपमा खण्डन गर्छ। अध्ययनअनुसार नेपालको करिब ४२ लाख हेक्टर खेतीयोग्य जमिनमध्ये करिब ३३ लाख हेक्टर जमिन मात्र कृषि उपयोगमा ल्याइएको छ। यो कुल क्षेत्रफलको करिब २६ प्रतिशत हिस्सा हो। बढ्दो सहरीकरण र युवाको पलायनका कारणले गर्दा हाल आएर २२ लाख हेक्टर जमिनमा मात्र खेती गरिएको पाइएको तथ्यांक केही वर्षअघिको सरकारी सर्वेक्षणमा छ।

यसरी खेती गर्न सम्भावना भएको र हाल खेती गरिएको जमिनको प्रतिशतको खाडल भनेको कुल सम्भावित खेतीयोग्य जमिनको करिब आधा हो। परम्परागत तरिकाले गरिएको खेती नाफामूलक नहुनु र ग्रामीण युवा बिदेसिनुका कारणले मात्रै सन् २००१ देखि २०१० को अवधिमा करिब ९ लाख ७० हजार (९.७ लाख) हेक्टर खेतीयोग्य जमिन बाँझिएको थियो। यदि खेती गर्न सम्भावना भएको तर हाल उपयोगमा ल्याउन नसकिएको जमिनलाई वैज्ञानिक रूपमा प्रयोग गर्ने हो भने कृषिले नै रेमिट्यान्सलाई उछिनेर देशको सबैभन्दा ठूलो आम्दानीको स्रोत बन्न सक्छ र नेपाल साँच्चिकै कृषिप्रधान देश बन्न सक्छ।

चितवनमा 'लिजहोल्ड वन'मार्फत बाँझो डाँडा हरियाली बनाएर राम्रो आम्दानी हुन्छ भने कैलालीको बगर, दाङको सरकारी पाखो, पहाडका पाटन र मुस्ताङका फराकिला फाँट किन बाँझै रहने? यसका लागि सरकारले तुरुन्तै 'सरकारी जग्गा बैंक' स्थापना गर्नुपर्छ। जमिनको भोगाधिकारको सुरक्षाको ग्यारेन्टी पाएपछि युवाले त्यसलाई जीवित बनाउनेछन्। यसले एकातिर बाँझो जमिनको उपयोग हुन्छ भने अर्कोतिर विदेशबाट फर्केका युवालाई स्वदेशमै उद्यम गर्ने अवसर मिल्छ। आजको युगमा हाम्रा बाजेबराजुले जस्तै गोरु जोतेर कृषिमा गुणात्मक वृद्धि आउँदैन। भूगोल सुहाउँदो सानो प्राविधिक क्रान्ति चाहिएको छ, जसका लागि निम्न उपाय अवलम्बन गर्न सकिन्छ-

भाडाको मेसिन केन्द्र : हरेक पालिकाले 'कस्टम हायरिङ सेन्टर' स्थापना गरी मिनी टिलर, हार्भेस्टर, ड्रोन स्प्रेयर र ट्र्याक्टर भाडामा दिने व्यवस्था मिलाउने। यसबाट किसानले सस्तोमा मेसिन पाउँछन् भने पालिकाले भाडाबाट लगानी उठाउँछ।

हिउँदमा पानी : हाम्रो धेरै जमिन धान काटेपछि ६ महिना त्यसै रहन्छ। सोलार लिफ्ट, थोपा सिँचाइ तथा साना प्लास्टिक टनेलको प्रयोग गरेमा मुस्ताङमा पुसमा पनि गोलभेंडा र जुम्लामा हिउँदमा तरकारी फलाउन सकिन्छ।

आकाशबाट निगरानी : एउटा ड्रोनले १५ मिनेटमा एक हेक्टरमा औषधि छर्न, माटोको स्वास्थ्य जाँच्न र मोबाइलमै रोगको जानकारी दिन सक्छ। यो कल्पना होइन, देशभित्र काम्रे र चितवनमा यसको सुरुवात भइसकेको छ।

जमिन, मेसिन र पानीलाई जोड्न सके एउटै परिवारले पहिलेका १० परिवारले गर्ने बराबरको काम गर्न सक्छ। यही नै गुणात्मक वृद्धिको सूत्र हो। खासमा विश्वलाई नेपालको सस्तो चामल चाहिएको छैन। त्यो त भारत र भियतनामले सस्तोमा उत्पादन गर्छन्। विश्वसँग नभएको र हामीसँग भएको कुरा के हो भने- '२,००० देखि ४,००० मिटर उचाइमा, स्वच्छ हावामा, विषादीबिना, हातले फलाएको अनि आफ्नै छुट्टै कथा बोकेको खाद्य पदार्थ हो। आजको विश्व बजारमा कथा र शुद्धताको मूल्य सबैभन्दा बढी छ।'

पाल्पाको सहकारीले युरोपमा सेतो राजमा निर्यात गर्छ। युरोपेली क्रेताले भनेका थिए, 'हामीलाई सस्तो भएर होइन, हिमालयबाट आएको र अर्गानिक भएर चाहिएको हो।' प्रमाणीकरण पाएपछि उनीहरूले स्थानीय मूल्यभन्दा तीन गुणा बढी पाइरहेका छन्। खासमा हामीसँग थुप्रै सम्भावना छन्-

चिया : जर्मनी हाम्रो सबैभन्दा ठूलो क्रेता हो। हामी वार्षिक करिब ४,५०० टन सेतो, हरियो र उलोङ अर्थोडक्स चिया उत्पादन गर्छौं, जुन युरोप र जापानमा प्रतिकिलो ४० देखि १२० डलरसम्ममा बिक्री हुन्छ, जबकि हाम्रो धानको मूल्य प्रतिकिलो ०.४० डलर मात्र हो।

मसला : ताप्लेजुङको ठुलो अलैंची हाम्रो तेस्रो ठूलो निर्यात वस्तु हो। हाम्रो टिमुर, बेसार र अदुवामा भारतीय उत्पादनको भन्दा बढी तेलको अंश हुन्छ। एउटा जापानी कम्पनीले १०० टन नेपाली टिमुर माग गर्दा हामीले परिमाण पुऱ्याउन नसकेको तितो सत्य हामीसामु छर्लङ्ग छ।

दाल, मह र जडीबुटी : जुम्लाको सिमी, हुम्लाको फापर, म्याग्दीको भीरमह, डोल्पाको सिलाजित र यार्सागुम्बा दुबई, सिंगापुर र क्यालिफोर्नियामा 'सुपरफुड'का रूपमा बिक्री हुन्छन्।

अवरोध अनेक छन्। हरेक अर्गानिक किसानले प्रमाणीकरण महँगो र झन्झटिलो छ। कृषि उत्पादन अर्गानिक बन्न तीन वर्ष लाग्छ, साथै नेपालमा अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला छैन। त्यसैले हाम्रो शुद्ध उत्पादन 'साधारण' भनेर सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ। समाधान भनेको सरकारले थोकमा प्रमाणीकरण गरिदिने हो। एक-एक किसानलाई २ लाख तिराउनुको सट्टा सम्पूर्ण मुस्ताङ वा जुम्ला उपत्यकालाई नै एकैपटक 'अर्गानिक उपत्यका' घोषणा गरी युरोपियन र अमेरिकन मापदण्डको अर्गानिक प्रमाणीकरण गरिदिने। यसको खर्च सरकारले अनुदानका रूपमा बेहोर्ने र किसानले उत्पादनमा मात्र ध्यान दिने कि?

काम गर्ने एउटा सरल उदाहरण : सरकारले मुस्ताङको ३०० हेक्टर बाँझो जमिन विदेशबाट फर्केका ५० युवालाई लिजमा दिने र त्यहाँ उनीहरूले 'हिमालयन ओरिजिन मुस्ताङ सहकारी' बनाउने। प्रदेश सरकारले स्थानीय पालिकासँग मिलेर सोलार सिँचाइ, कोल्ड स्टोर र प्रशोधन केन्द्र बनाइदिने। सहकारीले अर्गानिक क्विनोवा, स्याउ र फापर फलाउँछ। सरकारले प्रमाणीकरण गरिदिन्छ र एउटै राष्ट्रिय विलासी ब्रान्ड 'हिमालयन ओरिजिन नेपाल' बनाएर क्यूआर कोडसहित कथा जोडिदिने। त्यसपछि जर्मनी, जापान र खाडीका क्रेता सिधै आएर सम्झौता गर्छन्, बीचमा बिचौलिया हुँदैनन्। त्यो क्विनोवाको एक किलोले धान वा चामलको ३० किलोबराबर आम्दानी दिन्छ।

युवा गाउँमै बस्छन्, जमिन जीवित हुन्छ र देशले विदेशी मुद्रा कमाउँछ। सानो अनुदान र सानो तालिमका सबै उपाय गरिसक्यौं, जसले हाम्रो उत्पादनमा गुणात्मक वृद्धि ल्याएन। वृद्धि हाम्रो अगाडि नै छ, 'हामीले बिर्सेको बाँझो जमिनमा र विश्वले महँगोमा किन्न तयार रहेको उच्च हिमाली शुद्धतामा।' यो बाटो पछ्याउन सकेमा दस वर्षभित्र नेपाल युवालाई निर्यात गर्ने देश होइन, विश्वको शिखरबाट सबैभन्दा शुद्ध खाना निर्यात गर्ने देशका रूपमा स्थापित हुन सक्नेछ।

श्रद्धामा फुलेको आँसुको फूल

बशिरा

सूर्यले अझै पहाडको टुप्पो नाघिसकेको थिएन। बिहानको चिसो हावाले मन्दिरको आँगनभरि रातभर झरेका पारिजातका फूलहरूलाई हल्लाइरहेको थियो। धूपको हल्का गन्ध, बिस्तारै हराउँदै गएको घण्टीको प्रतिध्वनि र शिवलिंगमाथि निरन्तर झरिरहेको जलधाराले त्यहाँ यस्तो मौनता रचेको थियो, जसलाई शब्दले होइन, केवल अनुभूतिले सुन्न सकिन्थ्यो। म त्यही मौनताको छेउमा उभिएको थिएँ। श्रद्धालुहरू फर्किसकेका थिए।

कसैले चढाएका रातामाम्ये गुराँसहरू ओइलाउँदै थिए। एउटी वृद्धा हातमा कुचो लिएर मन्दिरको आँगन बढार्दै थिइन्। उनको चालमा कुनै हतार थिएन। लाग्थ्यो, उनी मन्दिरको परिसर होइन, आफ्नै जीवनका वर्षहरू विस्तारै समेटिरहेकी छन्। अचानक उनी रोकिइन्। कुचोको टुप्पोमा एउटा ओइलिएको फूल अड्किएको थियो। उनले त्यसलाई कुचोले पन्छाइनन्। बिस्तारै झुकिन्, दुवै हातले उठाइन्, केही क्षण आँखा अगाडि राखेर हेरिन् र निधारमा लगेर छोइन्। त्यसपछि तुलसीको मठको फेदीमा राखिदिइन्।

केहीबेर उनलाई हेरिरहँ। त्यही कुचोले केही क्षणअघि यस्तै अरू फूलहरू बढारेर डोकोमा फालेको देखेको थिएँ। आफूलाई रोक्न सकिनँ र सोधे, 'आमा, यो फूल किन फाल्नुभएन?' वृद्धाले मलाई हेरेर मुस्कुराइन्। त्यो मुस्कानमा उमेरले पनि खोस्न नसकेको उज्यालो चमक थियो। 'बाबु', उनले भनिन्, 'सबै फूल एउटै हुँदैनन्।' तुरुन्तै ओइलिएका अरू फूलतिर हेरेँ। 'तर, यी पनि त उस्तै हुन् नि!' उनले टाउको हल्लाइन्। 'फूल उस्तै हुन् र हुन्छन् पनि। फरक त दृष्टिमा हुन्छ।' उनले दिएको उत्तर सुनें, तर बुझिनँ। उनी फेरि बोलिन्, 'यो फूल भगवान्को शिरमा चढेको थियो। ओइलियो, यसको रङ हरायो, सुगन्ध हरायो, तर यसको यात्रा हराएको छैन। जसलाई श्रद्धाले छोइयो, त्यसलाई कुचोले बढार्न मन मान्दैन।' मलाई मनको कतै धेरै पुरानो ढोका खोलेको जस्तो लाग्यो।

मन्दिरबाट फर्कँदै गर्दा बाटोछेउको सानो खोलाले मेरो पाइला रोक्यो। पहाडबाट झरेको त्यो पानी हतारमा थियो। केही पर पुगेपछि त्यही खोला नदी कहलिन्थ्यो। अझ तल पुगेर कसैले त्यही पानीलाई 'जल' भनेर अञ्जुलीमा उठाउँथ्यो। समुद्रमा पुगेपछि संसारले फेरि अर्को नाम दिने थियो। तर, पानीले कहिल्यै आफ्नो परिचय फेरेको थिएन। नामहरू त केवल हामीले दिएका थियौं। अचानक लाग्यो– हामी पनि त पानीजस्तै हौं। हामी जन्मँदा न हामीसँग पद हुन्छ, न परिचय। न कुनै धर्म हुन्छ, न कुनै प्रतिष्ठा। हामीसँग केवल एउटा सास हुन्छ र एउटा रुवाइ हुन्छ। त्यसपछि बल्ल समाजले हामीलाई नाम दिन्छ, थर दिन्छ, जात दिन्छ, धर्म दिन्छ, पद दिन्छ, मान दिन्छ र अपमान पनि दिन्छ।

यति धेरै परिचयले हामीलाई ढाकिदिन्छ कि एक दिन हामी आफ्नै वास्तविक अनुहार बिर्सन पुग्छौं। सायद त्यसैले होला, बच्चाहरू सुन्दर देखिन्छन्। उनीहरू अझै परिचयभन्दा माथि आफ्नै अस्तित्वमा बाँचेका हुन्छन्। त्यही बेला मलाई एउटा पुरानो घटनाको सम्झना आयो। सानै थिएँ। हजुरआमा बित्नुभएको दिन गाउँभरि मानिसको भीड थियो। पहिलोपटक बुबालाई रोएको देखेको थिएँ। ती मानिस, जसलाई मैले कहिल्यै कसैको सामु झुकेको देखेको थिइनँ, त्यो दिन आमाको काखलाई सिरानी बनाएर बालकजस्तै रुँदै हुनुहुन्थ्यो। त्यो दृश्यले मलाई डर लाग्यो।

पछि आमालाई सोधेको थिएँ, 'बुबा पनि रुनुहुन्छ र?' आमाले मेरो टाउको सुम्सुम्याउँदै यति मात्र भन्नुभएको थियो, 'छोरा, धेरै माया गर्नेहरू धेरै रुन्छन्।' त्यो बेला मैले यो कुरा बुझिनँ। आज मन्दिरको आँगनमा वृद्धाले निधारमा छुवाएको ओइलिएको फूललले आमाको त्यो वाक्य फेरि सम्झाइदियो। हामीले आँसुलाई कमजोरी ठान्यौं, किनकि त्यसलाई केवल दुःखसँग मात्र जोड्यौं। तर, प्रकृतिले आँसुको कुनै धर्म बनाएको छैन। पहिलो सन्तान जन्मिँदा आमाको आँखामा आउने आँसु र अन्तिम सास फेरिरहेका बाबुको हात समात्दा झर्ने आँसु एउटै आँखाबाट झरिरहेका हुन्छन्। वर्षौंपछि विदेशबाट फर्किएको छोरालाई अँगाल्दा बुबाको आँखाबाट झर्ने आँसु पनि त्यही नै हो।

मन्दिरमा भगवान्को सामु उभिँदा श्रद्धाले भरिने आँखाको हालत पनि त्यही हो। इर्ष्यामा, क्रोधमा, पश्चातापमा, प्रेममा, वियोगमा वा मिलनमा– आँसुले रूप बदल्दैन, बदलिन्छ त केवल त्यसको अर्थ। त्यसैले आँसुको रङ एउटै भए पनि त्यसका कथाहरू कहिल्यै एउटै हुँदैनन्। मानिसलाई प्रायः हाँसेको अनुहारले चिन्छौं। तर मानिसको वास्तविक परिचय उसको मुस्कानमा होइन, उसले कसका लागि आँसु बगाउँछ भन्ने कुरामा लुकेको हुन्छ। जसको मन ढुंगा झैं कठोर हुन्छ, उसको आँखा सुक्खा हुन पनि सक्छ। तर, जसको मन नदी हुन्छ, उसको आँखामा कुनै न कुनै मौसम बगिरहेकै हुन्छ।

दिनभरिको आफ्नो काम सकेर साँझतिर म फेरि त्यही मन्दिर पुगेँ। बिहान तुलसीको फेदीमा राखिएको फूल अब झन् धेरै ओइलाइसकेको थियो। तर, त्यसको वरिपरि धूपको सुगन्ध अझै बाँकी थियो। धेरैबेर त्यसैलाई हेरिरहें। अचानक मलाई लाग्यो– ओइलाएको फूल सुन्दर हुन छोडेको थिएन, मैले पो सुन्दरतालाई केवल ताजापनसँग जोडेर हेरेको रहेछु। सायद जीवनमा यस्तै भोगिरहेका हुन्छौं। कोही जवान हुँदा सम्मान गर्छौं, वृद्ध हुँदा बेवास्ता। ऊ सफल हुँदा वरिपरि बस्छौं, असफल हुँदा टाढा। ऊ उपयोगी हुँदा आफ्नै लाग्छ, अशक्त भएपछि बोझ। सोच्न पुगेँ– दोष त हाम्रो आफ्नै दृष्टिमा पो रहेछ।

साँझको पहिलो तारा आकाशमा टल्किन थालिसकेको थियो। पाइलाहरूले घरको बाटो खोज्दै थिए। धर्तीमा टेकिरहेका पाइलाहरूको आभास छुट्टै थियो। यताउता हेर्छु, चलिरहेको चिसो बतास भने उस्तै थियो। खोलाको पानी आफ्नै गतिमा बगिरहेको थियो। हावाले फेरि एउटा ओइलिएको फूल बाटोमा ल्याइपुऱ्यायो। मेरा खुट्टा अडिए। मैले त्यसलाई टेक्न सकिनँ। अलिकति झुकें, उठाएँ र हेरिरहें। म ओइलिएको फूलमा जीवन खोज्न पुगेछु। कता-कता आँखा रसाए झैं लाग्यो। त्यो सुनसान वातावरणमा मेरै भित्री आवाजले भनिरहेथ्यो– 'आँसु आँखाबाट झर्ने पानी मात्र होइन, त्यो त हाम्रो दृष्टि शुद्ध हुन थालेको पहिलो संकेत हो।'

राष्ट्रिय कोदो दिवस

बिर्सिएको रैथाने सुन

सूर्यप्रसाद न्यौपाने

राष्ट्रको समृद्धि केवल फराकिला सडक, अग्ला भवन र आधुनिक पूर्वाधारले मात्र निर्माण हुँदैन। कुनै पनि देशको वास्तविक शक्ति उसको खाद्य सम्प्रभुता, पोषण सुरक्षा, स्थानीय उत्पादन क्षमता र आफ्नै स्रोतसाधनमाथिको विश्वासमा निर्भर हुन्छ। विकासको तीव्र दौडमा कहिलेकाहीं हामी यस्ता मौलिक तथा रैथाने सम्पत्तिलाई बिर्सन पुग्छौं, जसले पुस्तौंदेखि हाम्रो समाजलाई जीवन दिइरहेका हुन्छन्। नेपालको सन्दर्भमा 'कोदो' त्यस्तै एउटा अमूल्य रैथाने सम्पत्ति हो।

नेपालमा 'दोस्रो राष्ट्रिय कोदो दिवस' मनाइरहँदा, कोदोलाई केवल परम्परागत र गरिबको अन्नका रूपमा मात्र होइन, समृद्ध र आत्मनिर्भर नेपालको दिगो आधारका रूपमा हेर्ने पर्ने बेला आएको छ। आजको अहम् प्रश्न कोदो कति उत्पादन भयो भन्ने मात्र होइन, बढ्दो जलवायु संकटका बीच भविष्यका पुस्तालाई हामीले कोदो र यससँग जोडिएको कृषि-ज्ञान, सीप र सम्भावना हस्तान्तरण गर्न सक्छौं कि सक्दैनौं भन्ने पनि हो।

कोदोको बहुआयामिक शक्ति र बदलिँदो भाष्य कोदो नेपालका पहाडी तथा हिमाली समुदायको जीवनपद्धतिसँग गहिररी जोडिएको बाली हो। कम उर्वर जमिनमा पनि फल्ने, सिँचाइको अभाव झेल्न सक्ने र सुक्खा पहिरो तथा खडेरीप्रति अत्यन्तै सहनशील भएकाले यो 'जलवायु-मैत्री' बालीका रूपमा चिनिन्छ। क्याल्सियम, आइरन, जिंक, फाइबरलगायतका सूक्ष्म पोषक तत्वले भरिपूर्ण कोदो खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधार हो। पोषण विज्ञानका अनुसार कोदो 'ग्लुटेन-फ्री' र कम 'ग्लाइसेमिक इन्डेक्स' भएको अन्न हो, जसले गर्दा मधुमेह र उच्च रक्तचापका बिरामीका लागि यो सञ्जीवनी बुटी सरह मानिन्छ।

विगतमा नेपाली समाजमा कोदोलाई 'कु-अन्न' वा तल्लो वर्गले खाने अन्नका रूपमा हेलाको दृष्टिले हेर्ने चलन थियो। तर, आज समय फेरिएको छ। संयुक्त राष्ट्रसंघले सन् २०२३ लाई 'अन्तर्राष्ट्रिय कोदो वर्ष' घोषणा गरेसँगै विश्वभर यसको महत्त्व र चेतना ह्वात्तै बढेको छ। आज युरोप र अमेरिकाका तारे होटेलहरूमा कोदो 'सुपरफुड'का रूपमा महँगो मूल्यमा बिक्री भइरहेको छ। नेपालमा पनि साउन १५ लाई मुख्य मिति मानेर राष्ट्रिय कोदो दिवस मनाउन थालिनुले यसको गरिमालाई पुनः स्थापित गर्ने सकारात्मक संकेत दिएको छ।

संकटोन्मुख उत्पादन र परनिर्भरताको खाडल विश्वभर कोदोको माग र चेतना बढिरहँदा नेपालमा भने यसको उत्पादनको आधार निरन्तर कमजोर बन्दै गइरहेको तीतो यथार्थ छ। राष्ट्रिय तथ्यांकहरूका अनुसार नेपालले हरेक वर्ष हजारौं मेट्रिक टन कोदो भारतलगायतका देशबाट आयात गरिरहेको छ। नेपालको प्रमुख कोदो उत्पादक जिल्ला पाल्पाको रैनादेवी छहरा गाउँपालिकामा गरिएको अध्ययनले चिन्ताजनक तस्बिर देखाएको छ।

विगत १० देखि १५ वर्षमा त्यहाँ कोदो उत्पादनमा ५० प्रतिशतभन्दा बढीले गिरावट आएको छ। पहिले वार्षिक २५० टनसम्म उत्पादन हुने क्षेत्रमा अहिले मुस्किलले १०० टन पल्छ। कतिपय किसानले खेतीको क्षेत्रफल घटाएका छन् भने कतिपयले विकल्प खोजिसकेका छन्। केवल एउटा गाउँको मात्र नभएर सिंगो पहाडी भूभागको साझा नियति हो यो। यसले स्थानीय खाद्य प्रणाली कमजोर भएको, कृषि परम्परा खुम्चिएको र स्थानीय अर्थतन्त्र धराशायी हुँदै गएको प्रस्ट संकेत गर्छ।

जलवायु परिवर्तन र सामाजिक संरचनाको प्रहार कोदो उत्पादन घट्नुको मुख्य कारण बदलिँदो जलवायु र मनसुनको अनिश्चितता हो। कोदो रोप्ने परम्परागत विधि प्रारम्भिक चरणको निरन्तर र हल्का झरीमा निर्भर हुन्छ। तर, पछिल्लो दशकमा मनसुन ढिलो सुरु हुने, छोटो समयमा मुसलधारे पानी पर्ने र त्यसपछि लामो खडेरी लाग्ने क्रम बढेको छ। यसले गर्दा बिरुवा माटोमा स्थापित हुन नसक्ने र सुक्ने समस्या किसानले भेलिरहेका छन्। जलवायु परिवर्तनले हिमाल मात्र पगालेको छैन, यसले पुस्तौंदेखि आर्जित किसानको रैथाने ज्ञान र कृषि प्रणालीलाई समेत गम्भीर चुनौती दिएको छ।

यसबाहेक, जनसांख्यिक र सामाजिक परिवर्तनले पनि कोदो खेतीलाई संकटमा पारेको छ। युवा जनशक्तिको बढ्दो बसाइँसराइ, चरम श्रमिक अभाव र रेमिट्यान्समाथिको निर्भरताले गाउँका उर्वर पाखाहरू बाँझिएका छन्। गाउँमा खेतीयोग्य जमिन छ, तर जोत्ने हातहरू छैनन्। साथै, आयातित 'जंक फुड' र सेतो चामलप्रतिको बढ्दो आकर्षणले हाम्रो परम्परागत खानपान शैलीलाई विस्थापित गरिदिएको छ।

समृद्धिको मार्गचित्र र अबको साझा संकल्प आजको सबैभन्दा ठूलो पाठ के हो भने, स्थानीय बालीलाई अतीतको स्मृतिका रूपमा होइन, भविष्यको रणनीतिक सम्भावनाका रूपमा हेर्नुपर्छ। कोदोले हामीलाई आत्मनिर्भरता र माटोको सम्मान गर्न सिकाउँछ। यसलाई वास्तविक उपलब्धिमा रूपान्तरण गर्न निम्न कदम अविलम्ब चाल्न जरुरी छ-

१. **नीतिगत एकीकरण र समर्थन मूल्य** : कोदोलाई स्थानीय तथा राष्ट्रिय खाद्य सुरक्षा योजनाको अभिन्न अंग बनाइनुपर्छ। सरकारले कोदोको 'न्यूनतम समर्थन मूल्य' तोकेर किसानलाई उत्पादनको सुनिश्चितता दिनुपर्छ र सरकारी दिवा खाजा कार्यक्रममा कोदोका परिकार अनिवार्य गर्नुपर्छ।

२. **जलवायु अनुकूलन र बीउ संरक्षण** : बदलिँदो मौसमअनुकूल हुने गरी कम पानीमा पनि फल्न सक्ने उन्नत जातको विकास र लोप हुन लागेका रैथाने बीउको संरक्षणमा कृषि अनुसन्धान केन्द्रहरूले लगानी बढाउनुपर्छ।

३. **मूल्य शृंखला र औद्योगिकीकरण** : कोदोलाई परम्परागत ढिँडो र रोटीमा मात्र सीमित नराखी यसको पिठो, बिस्कुट, केक, र कुकिज जस्ता मूल्य अभिवृद्धि गरिएका उत्पादन बनाएर सहरी तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन प्रशोधन उद्योग स्थापना गर्नुपर्छ।

समृद्ध नेपालको सपना केवल नीति र नाराले मात्र पूरा हुँदैन, त्यो त स्थानीय स्रोत, रैथाने ज्ञान र हाम्रै माटोको सम्भावनाको सही उपयोगबाट साकार हुन्छ। कोदो जोगाउनु भनेको केवल एउटा अन्न बचाउनु होइन; यो त हाम्रो खाद्य सम्प्रभुता जोगाउनु र ग्रामीण नेपालको अर्थतन्त्रलाई ब्युँझाउनु हो। स्थानीय सरकार, अनुसन्धान संस्था, निजी क्षेत्र र किसानको बलियो सहकार्यबाट मात्र कोदोको गुम्दो विरासतलाई फर्काउन सकिन्छ। आजै कोदोको संरक्षण र प्रवर्द्धनमा दृढ इच्छाशक्ति देखायौं भने भविष्यको दिगो, आत्मनिर्भर र स्वस्थ नेपालको बलियो आधारशिला निर्माण गर्नेछौं।

अन्नपूर्ण

वेलनेस

annapurnapost.com

५

आइतबार १७ साउन २०८३
SUNDAY, AUGUST 2, 2026

ल्याप्रोस्कोपिक रोज्ने कि ओपन सर्जरी ?

प्रा. डा. सुमनराज ताम्राकार
वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

अपरेसनपछिको तेस्रो दिन ५२ वर्षीया राममाया तामाङले मलाई सोधिन्- 'डाक्टरसाब, तपाईले साँच्चिकै मेरो पाठेघर निकालिदिनुभएको हो नि ?' गाउँघरतिर पाठेघर निकाल्न ठूलो घाउ बनाउनुपर्छ भनेर सुनेकी राममायाले पेटमा तीन-चारवटा स-साना प्वाल (ह्यान्डिप्लास्ट टाँसिएको) देखेपछि अपरेसन नै गरेको छैन कि भनेर धक मानेकी रहिछन्। पछि चित्र कोरेर उनको चित्ता बुझाइदिएँ।

अपरेसन गरेको भोलिपल्ट राउन्ड गर्न गएको पोस्टअपरेटिभ वार्डको दुई नम्बर बेड खाली नै देखें। साइडको बेन्चमा एक जना अधबैंसे महिला बसिरहेकी थिइन्। 'सिस्टर, हिजोको ल्याप्रोस्कोपिक केस खै त ?' 'डाक्टर, उनी त हो नि!' बिहानको नर्सिङ केयरपछि कोरीबाटी गरेर बसिरहेकीले म नै झुक्किएँ। घाउ पारेर पाठेघर निकालेको भए तीन-चार दिनसम्म पनि बेडमै निस्लोट सुतिरहन बेर लाग्दैनथ्यो।

कुनै जमाना थियो, एउटा चेक साट्न घन्टौं लाइन बस्नुपर्थ्यो, अचेल एटीएमबाट केही मिनेटमै काम फत्ते गर्न सकिन्छ। कुनै जमाना थियो, हाम्रा आमा-हजुरआमा दाउरा-छालीमा धुवाँ पुत्तपुत्ताएर कसौंडीमा भात पकाउनुहुन्थ्यो, अचेल राइसकुकर वा इन्डक्सनमा टाइमर राखी प्रेसरकुकरमै खाना पकाउन सकिन्छ। हो, अचेल प्रविधिले हामीलाई निकै सजिलो बनाइदिएको छ। यस्तैमा महिलाहरूमा हुने अनेकानेक समस्याका लागि शल्यक्रियाको क्रममा ठूलो घाउ नपारी दूरबिन प्रविधिबाटै समस्या समाधान गर्न सकिने भएको छ। मेडिकल भाषामा 'ल्याप्रोस्कोपिक' भनिने यो प्रविधि नेपाली महिलाहरूका लागि पनि वरदानसिद्ध भएको छ। यस आधुनिक प्रविधिबाट पाठेघर, डिम्बाशय, डिम्बवाहिनी नली एवं पाठेघरवरिपरिका धेरै समस्याहरू व्यवस्थापन गर्न सकिन्छ।

पाठेघरमा मासु पलाउने (फाइब्रोइड), पाठेघर ठूलो हुने (एडेनोमायोसिस), रगत जमेको फोका आउने (इन्डोमेट्रिओसिस) समस्या, निःसन्तान एवं महिनावारी गडबडीका कारण खुट्याउन, आङ खस्ने समस्याको निराकरणका लागि फित्ता राख्न, जीर्ण खालको तल्लो पेट दुखाइको कारण खुट्याउन, महिलाहरूमा स्थायी बन्ध्याकरण आदिका लागि ल्याप्रोस्कोपी प्रविधि अपनाउन सकिन्छ। त्यसैगरी महिनावारी गडबडी एवं निःसन्तानको कारण खुट्याउन, पाठेघरभित्र जालो पलाएको तथा मासु पलाएको (फाइब्रोइड) हटाउन पनि 'हिस्टेरोस्कोपी' भनिने दूरबिन प्रविधि अपनाउन सकिन्छ।

पाठेघर, पाठेघरको मुख, डिम्बाशय एवं डिम्बवाहिनी नलीको क्यान्सरपूर्वको अवस्था तथा यी अंगमा लागेको क्यान्सरको सुरुवाती अवस्थामा, फाइब्रोइड, एडेनोमायोसिस, औषधिबाट अनियन्त्रित असामान्य खालको महिनावारी गडबडीका कारण पाठेघर निकाल्नुपर्ने हुन्छ। पछिल्लो समय नेपालमै पनि पाठेघर निकाल्ने शल्यक्रियाका लागि ल्याप्रोस्कोपी प्रविधि अपनाइँदै आइएको छ। त्यसैगरी डिम्बाशयमा आउने विभिन्न खालका फोका (सिस्ट) को व्यवस्थापनका लागि पनि ल्याप्रोस्कोपी प्रविधि प्रयोग हुँदै आएको छ।

ल्याप्रोस्कोपिक अपरेसनको क्रममा पेटमा दुईवटादेखि चारवटासम्म ५ देखि १२ मिलिमिटरसम्मका स-साना प्वाल बनाई ल्याप्रोस्कोप (क्यामेरा) र विशेष उपकरणहरू प्रयोग गरिन्छ। यस प्रविधिबाट गरिने अपरेसनको क्रममा पेटभित्र कार्बन डाइअक्साइड ग्यास भरेर शल्यक्रियाका लागि आवश्यक स्थान बनाइन्छ र भिडियो मनिटरमार्फत अपरेसनका दृश्यहरू स्पष्ट रूपमा हेर्न सकिन्छ। माथि एटिएम, इन्डक्सन चुल्हो, राइसकुकरको प्रसंग उठाएजस्तै यी स्त्रीजन्य अपरेसनमा पनि ठूलो घाउ नपारी किन आधुनिक ल्याप्रोस्कोपी प्रविधि अपनाउने त ? परम्परागत तवरमा घाउ बनाएरभन्दा ल्याप्रोस्कोपी प्रविधिका निकै धेरै फाइदाहरू छन्।

ल्याप्रोस्कोपिक प्रविधिका फाइदाहरू

सानो प्वाल: स-साना प्वाल मात्र बनाइने भएकाले पेटका तन्तुमा कम क्षति हुन्छ र सौन्दर्यात्मक दृष्टिले राम्रो देखिन्छ। अचेल महिलाहरू पनि घाउ-खटिराको दागप्रति सचेत हुँदै छन्।

कम रक्तस्राव: ल्याप्रोस्कोपी अपरेसनको क्रममा रगत थाम्ने आधुनिक उपकरणको प्रयोगले रक्तस्राव न्यून बनाउँछ।

कम दुखाइ: यस प्रविधिमा पेटको मांसपेशी कम काटिने भएकाले शल्यक्रियापछिको दुखाइ कम हुन्छ।

छोटो अस्पताल बसाई: धेरैजसो बिरामी २४-४८ घण्टाभित्र घर फर्कन सक्छन्।

छिटो हिँडडुल: ल्याप्रोस्कोपी शल्यक्रियाको केही घण्टामै बिरामी हिँड्न सक्छन्।

घाउ छिटो निको हुने: घाउ छिट्टै निको हुने हुनाले आफ्ना दैनिक कार्यहरू २-४ हप्ताभित्र गर्न सकिन्छ।

सङ्क्रमणको जोखिम कम: सानो घाउ भएकाले सङ्क्रमण कम हुन्छ।

राम्रो दृश्य: ल्याप्रोस्कोपी प्रविधिको क्रममा क्यामेराले पिसाबनली, रक्तनली, स्नायु तथा इन्डोमेट्रियोसिसका दाग, पेटका भित्री अंगहरू स्पष्ट देखिने हुनाले सर्जनलाई पनि सहज हुन्छ।

मासु टाँसिने समस्या कम: ल्याप्रोस्कोपीको क्रममा भित्री अंगहरू कम चलाइने र रक्तस्राव पनि कम हुने भएकाले अपरेसनपछि भित्री अंगहरू एकआपसमा टाँसिने सम्भावना पनि कम हुन्छ।

जीवनस्तर राम्रो: यसरी अस्पताल बसाइ, काममा फर्किने, कम पीडा, कम सङ्क्रमण, घाउ छिटो निको हुने हुनाले समग्रमा बिरामी चाँडै नै सामान्य जीवनमा फर्कन सक्छन्, जुन बिरामीको जीवनस्तरको दृष्टिले राम्रो हो।

के छ बेफाइदा ?

के त्यसो भए ल्याप्रोस्कोपी प्रविधिका फाइदाहरू मात्रै छन् त ? के सबैखाले स्त्रीजन्य शल्यक्रियाहरू यो प्रविधि अपनाएर गर्न सकिन्छ त ? होइन, ल्याप्रोस्कोपी प्रविधिका पनि बेफाइदाहरू छन्। जस्तै: आवश्यक उपकरण महँगा हुन्छन्, जसले गर्दा सेवाग्राहीलाई तुलनात्मक रूपमा उपचार खर्च महँगो हुन जान्छ। अपरेसन गर्ने सर्जनलाई सिक्न लामो समय लाग्छ। र, राम्रो ठाउँमा तालिम लिई पोख्त हुनुपर्ने हुनाले जोकोही सर्जन ल्याप्रोस्कोपी उपचार गर्न सक्षम हुन्छ भन्ने हुँदैन।

यी दुई कारणले गर्दा नेपालमा काठमाडौं एवं सहरी क्षेत्रका सरकारी एवं निजी अस्पतालमा बाहेक प्रदेश तथा जिल्ला अस्पतालमा ल्याप्रोस्कोपी उपचार विरलै मात्र उपलब्ध छ। यस प्रविधिबाट अपरेसन गर्नका लागि एनेस्थेसिया, अपरेसन थिएटर नर्स, ब्लड बैंक एवं आईसीयू वा एचडीयू कहिलेकाहीँ जरुरत पर्ने भएकाले सितिमिति दूरदराजमा आँट गर्न सकिँदैन।

खर्चको तुलना अलि महँगो छ। हेर्दा ल्याप्रोस्कोपिक उपचार सुरुमा महँगो देखिन्छ। यसका लागि आवश्यक आधुनिक उपकरण तथा डिस्पोजेबल (एक पटक मात्र प्रयोग गर्न मिल्ने) सामग्रीका कारण शल्यक्रियाको प्रारम्भिक खर्च बढी हुन्छ। तर, अस्पताल बसाइ छोटो, जटिलता कम तथा छिटो काममा फर्कन सकिने भएकाले समग्र लागत कम हुन सक्छ। यसको उल्टो, घाउ पारेर गरिने शल्यक्रियाको प्रारम्भिक खर्च कम भए पनि लामो अस्पताल बसाइ, बढी औषधोपचार, घाउको जटिलता, लामो समयको पीडा तथा ढिलो निको हुने भएकाले समग्रमा आर्थिक र मानसिक भार बढी हुन सक्छ। हामीलाई अनौठो लाग्ला, विकसित मुलुकमा निजी बिमा कम्पनीले आफ्ना बिमित रोगीलाई ल्याप्रोस्कोपिक उपचार गराउनका लागि बढावा दिन्छन्।

सुरुवाती अवस्थामा सर्जनलाई यस प्रविधिबाट शल्यक्रिया गर्न समय बढी लाग्ने हुन्छ। यस प्रविधिबाट अपनाइने अपरेसनको क्रममा प्रयोग गरिने उपकरणबाट रक्तनली, पिसाबनली, पिसाबथैली, आन्द्रामा चोट लाग्ने सम्भावना हुन्छ। त्यस्तै पेट फुलाउनका लागि राख्ने कार्बन डाइअक्साइडसँग सम्बन्धित आफ्नै जटिलता छन्। कतिपय अवस्थामा ल्याप्रोस्कोपी गर्दागर्दै अप्रत्याशित जटिलताका कारण ठूलो घाउ पारेर गरिने शल्यक्रियामा परिवर्तन गर्नुपर्ने हुन्छ।

ल्याप्रोस्कोपीको क्रममा पूर्ण बेहोस बनाउनैपर्ने भएकाले जटिल एवं जीर्ण खालको मुटु, फोक्सो, थाइरोइड, मुत्रनलीको समस्या भएकाहरूमा यो प्रविधि उपयुक्त हुँदैन। यसैगरी पहिले पटक-पटक वा जटिल खालको पेटको अपरेसन गरिसकेको यताउती मासु टाँसिने समस्या भएका कारणमा पनि यो प्रविधि त्यति सुरक्षित हुँदैन। त्यस्तै १८-२० हप्ताभन्दा ठूलो पाठेघर भएका वा जटिल खालका डिम्बाशयको ट्युमर (सिस्ट) मा पनि ल्याप्रोस्कोपी प्रविधि असहज हुन्छ, तर निकै अनुभवी ल्याप्रोस्कोपिक सर्जनले गर्न सक्छन्।

धुलिखेल अस्पतालमा सर्जरी गर्न आएका महिलामा पछिल्लो ५ वर्षको अन्तरालमा धेरै भिन्नता पाइएको छ। घाउ पारेर (ओपन सर्जरी) बाट पाठेघर निकाल्ने महिलाहरू ८४ प्रतिशतबाट २५ प्रतिशतमा झरेका छन्। ल्याप्रोस्कोपीबाट १६ प्रतिशतबाट ७५ प्रतिशतमा वृद्धि भएको छ।

त्यसैगरी डिम्बाशयमा पलाएको सिस्ट निकाल्ने उपचारका लागि घाउ पारेर ६९ प्रतिशतबाट २४ प्रतिशतमा झरेको छ भने ल्याप्रोस्कोपीबाट ३१ प्रतिशतबाट ७६ प्रतिशतमा पुगेको छ। पाठेघरबाहिर डिम्बवाहिनी नलीमा गर्भ रहने (एक्टोपिक प्रेग्नेन्सी) समस्याको शल्यक्रियागत उपचारका लागि घाउ पारेर वा ल्याप्रोस्कोपीबाट पछिल्लो ५ वर्षमा त्यति खासै भिन्नता पाइएन।

ओपन सर्जरीमा फाइदा के छ ?

घाउ पारेर गरिने अपरेसनका आफ्नै फाइदा छन्। सर्जनले हातैले छुन, छाम्न सक्ने हुनाले कतिपय अवस्थामा यो राम्रो हुन्छ। जस्तै: डिम्बाशय वा लिम्फनोड साह्रो छ/छैन छामेर थाहा पाउन सहज हुन्छ। क्यान्सर एवं जटिल खालको अपरेसनमा घाउ पारेर गर्दा आवश्यकता अनुसार पछि घाउ ठूलो पारेर अपरेसन गर्ने क्षेत्र सजिलै देख्न सकिन्छ। त्यसैले गम्भीर खालको क्यान्सरका लागि घाउ पारेर नै उपयोगी हुन्छ।

यस्तो खालको कामका लागि तुलनात्मक रूपमा महँगा उपकरण चाहिँदैनन् र सर्जनहरूले पनि आफ्नो पढाइकै क्रममा आवश्यक एवं यथेष्ट अनुभव बटुलिसकेका हुन्छन्। तर ठूलो घाउ, बढी रक्तस्राव, बढी दुखाइ, लामो अस्पताल बसाइ, घाउ निको हुन समय लाग्न सक्ने, पाक्न सक्ने, इन्सिजनल हर्नियाको जोखिम, ठूलो दाग, यताउती मासु टाँसिने जटिलताका कारण अचेल बिरामी र सर्जन दुवैले ल्याप्रोस्कोपी प्रविधिलाई प्राथमिकता दिन थालेका छन्।

पर्याप्त सुत्नुहोस्, स्वस्थ हुनुहोस्

यदि तपाईं वा तपाईंको छिमेकी वा आफन्त जुनसुकै समयमा पनि निद्राले ढल्किने, दिउँसो धेरै सुत्ने वा ओछ्यान छाड्नै गाह्रो हुने अवस्था भोगिरहेका छन् भने यसलाई केवल अल्छीपन ठानेर बेवास्ता नगर्नुहोस्। लामो समयसम्म सुत्ने बानीभित्र कुनै गम्भीर स्वास्थ्य समस्या लुकेको हुन सक्छ।

सामान्यतया, एक वयस्क मानिसका लागि दैनिक साढे ६ देखि ७ घण्टाको उचित निद्रा पर्याप्त मानिन्छ। पर्याप्त निद्रा नपुग्दा ज्यान थकित हुने र ध्यान केन्द्रित नहुने लगायतका विविध स्वास्थ्य समस्या निम्तन सक्छन्। त्यस्तै आवश्यकताभन्दा बढी सुत्ने बानी पनि शरीरका लागि उत्तिकै समस्या बन्न सक्छ।

कति समय सुतियोभन्दा पनि कस्तो गुणस्तरको निद्रा भयो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। तर, केवल अल्छीपन वा खराब जीवनशैलीका कारण आवश्यकताभन्दा बढी सुत्ने बानीले शरीरमा अनेकौं जटिलताहरू निम्त्याउँछन्। मानिसहरू धेरै सुत्नुका पछाडि विभिन्न शारीरिक तथा मानसिक कारणहरू जिम्मेवार हुन्छन्। यदि सामान्य अवस्थामा पनि अत्यधिक निद्रा लाग्ने समस्या छ भने समयमै स्वास्थ्य परीक्षण गराएर चिकित्सकको परामर्श लिनु बुद्धिमानी हुन्छ।

बढी सुताइले निम्त्याउने जोखिमहरू:

- टाउको दुखाइ
- मोटोपन र मधुमेह (सुगर)
- ढाड तथा कम्मर दुखाइ
- मुटुरोगको जोखिम

विज्ञहरूका अनुसार गुणस्तरीय निद्राका लागि 'स्लिप हाइजिन'को आवश्यकता पर्छ। स्लिप हाइजिन भन्नाले सुत्ने वातावरण र दैनिकीमा सुधार ल्याउने बुझिन्छ:

- नियमित व्यायाम गर्ने।
- दैनिक शारीरिक रूपमा सक्रिय रहने।
- चिल्लो, गुलियो र धेरै मसालेदार खाना कम खाने।
- तालिका अनुसार सुत्ने र उठ्ने समय निश्चित गरी पालना गर्ने।
- सुत्ने कोठालाई शान्त, आरामदायी र अँध्यारो बनाउने।

अझै पनि निद्रासम्बन्धी समस्या वा घुर्ने बानीलाई रोगका रूपमा स्वीकार्ने चेतना न्यून छ। तर, पछिल्लो समय विशेषज्ञ चिकित्सक र प्रविधिको विकाससँगै यसको आधुनिक उपचार नेपालमै सम्भव भइसकेको छ। अहिले नेपालका प्रमुख अस्पतालहरूमा 'स्लिप स्टडी ल्याब'को व्यवस्था रहेको छ, जहाँ अत्याधुनिक उपकरणको मद्दतले बिरामी सुतेको अवस्थामा उसको निद्राको प्रकृति, अक्सिजनको मात्रा र अन्य स्वास्थ्य सूचकहरूको सूक्ष्म अध्ययन गरिन्छ।

निद्रा शरीरका लागि अमृतसरह हो, तर यसको अनियन्त्रित मात्रा विष बन्न सक्छ। त्यसैले, सन्तुलित निद्रा नै निरोगी जीवनको आधार हो।

शिशुलाई किन राखिन्छ एनआईसीयू ?

अस्पतालमा सामान्य मात्र नभई गम्भीर अवस्थाका बिरामी पनि उपचार गर्न आउँछन्। गम्भीर अवस्थाका बिरामीलाई विशेष निगरानीमा राखेर उपचार गराउनुपर्ने भएकाले ठूला अस्पतालहरूमा सघन उपचार कक्ष (आईसीयू) को व्यवस्था हुन्छ। त्यस्तै अस्पतालहरूमा नवजात शिशु सघन उपचार कक्ष (एनआईसीयू) को पनि उत्तिकै अत्यावश्यकता पर्छ।

जन्मिनेबित्तिकै वा दुई महिनामुनिका बालबालिकालाई राख्ने ठाउँलाई नवजात शिशु सघन उपचार कक्ष (एनआईसीयू) भनिन्छ। यो जटिल र गम्भीर अवस्थाका शिशुहरूलाई २४ सै घण्टा चिकित्सकको प्रत्यक्ष निगरानीमा राखेर उपचार गराइने विशेष कक्ष हो, जहाँ चिकित्सक, नर्स, कर्मचारी र बिरामीबाहेक अरूलाई आवतजावत गर्न निषेध गरिएको हुन्छ।

सबै शिशुलाई एनआईसीयूको जरुरत पर्दैन। तर, अक्सिजनको कमी हुने, मुटुको चाल नाप्नुपर्ने, औषधिको निरन्तर प्रयोग, खानपिन र सरसफाइलगायत विशेष निगरानीमा राख्नुपर्ने अवस्थाका शिशुलाई एनआईसीयूमा राखेर उपचार गर्नुपर्छ। कुनै पनि खालका कडा सङ्क्रमण भएमा, निमोनिया, दम तथा श्वास-प्रश्वास एवं मुटुको समस्या भएका शिशुलाई चिकित्सकको विशेष निगरानीमा राखेर उपचार गरिन्छ। सिकिस्त अवस्थाका शिशुलाई सामान्य वार्डमा राखेर उपचार गराउँदा जोखिम बढी हुने र सङ्क्रमण फैलन सक्ने भएकाले एनआईसीयूमा राखेर उपचार गराउनुपर्ने हुन्छ।

त्यसैगरी कतिपयलाई भेन्टिलेटरको जरुरत पनि पर्दछ। कतिलाई सामान्य अक्सिजन दिए पनि हुन्छ भने कतिलाई अलि कडा खालको अक्सिजनको जरुरत पर्दछ। कतिपयलाई औषधिको मात्रा अलिकति पनि तलमाथि नगरी दिनुपर्ने हुन्छ। यस्तो अवस्थामा बालरोग विशेषज्ञ र नर्सको प्रत्यक्ष निगरानीमा राख्नुपर्छ। नर्सले प्रत्यक्ष निगरानी गर्नुपर्ने औषधी, चेकजाँच, सरसफाइ अनि खानपानको ख्याल गर्नुपर्ने हुँदा एनआइसीयूमा सिंगो युनिट नै खडा गर्नुपर्ने हुन्छ। त्यसैले पनि यो अलि खर्चिलो हुन्छ। यसमा विशेष भूमिका भने नर्सकै हुन्छ। एनआईसीयूमा काम गर्नका लागि आईसीयूबारे विशेष तालिम लिएको हुनुपर्छ।

तालिमप्राप्त नर्सहरूलाई उपकरणहरू चलाउनेदेखि बिरामीको अवस्था र प्रकृति अनुसार कसरी उपचार र हेरचाह गर्ने भन्ने राम्रो ज्ञान हुन्छ। एनआईसीयू भन्नेबित्तिकै सङ्क्रमण न्यूनीकरण गर्न वा रोक्न (इन्फेक्सन प्रिभेन्सन) का लागि बिरामी राखिने उपचार कक्ष हो। त्यसैले एनआइसीयूमा एउटा बिरामी बराबर एक जना नर्सको व्यवस्था गरिएको हुन्छ।

देवानगन्ज घटना

गोली चलेकै ठाउँमा अन्तिम बिदाइ

अन्नपूर्ण | *विराटनगर*

सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्जमा सशस्त्र प्रहरीको गोली लागेर ज्यान गुमाएका दुई युवाको शुक्रबार राति घटनास्थलमै दाहसंस्कार गरिएको छ।

उनीहरूलाई गोली चलेको ठाउँमै हिन्दु परम्पराअनुसार शवको अन्त्येष्टि गर्दै दुवै जनाको अन्तिम बिदाइ गरिएको हो। स्थानीय, आफन्त र परिवारको विशेष आग्रहपछि सामान्य चलनभन्दा फरक रूपमा नदी वा घाटमा नभई घटनास्थलमै दाहसंस्कार गरिएको स्थानीय जनप्रतिनिधिले बताए। गोली लागेर मृत्यु भएका देवानगन्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहता र देवानगन्ज-३ का २२ वर्षीय जयप्रकाश मेहताको शव पोस्टमार्टमपछि शुक्रबार साँझ परिवारलाई बुझाइएको थियो।

त्यसपछि विराटनगरबाट कप्तानगन्जसम्म शवयात्रा निकालियो। शवलाई केही समय आआफ्नो घरमा राखेर स्थानीय, आफन्त, नातेदार तथा परिवारजनले श्रद्धाञ्जली अर्पण गर्दै अन्तिम बिदाइ गरेका थिए। देवानगन्ज-४ का वडाध्यक्ष सुशीलकुमार मेहताका अनुसार शवयात्रामा सयौं स्थानीय सहभागी भएका थिए। 'अन्तिम श्रद्धाञ्जलीका क्रममा अधिकांश सहभागी भावुक बनेका थिए। परिवारका सदस्य र आफन्तको रुवाबासीले गाउँ नै शोकमग्न बनेको थियो,' उनले भने।

उनले सामान्यतया हिन्दु परम्पराअनुसार खोला, नदी वा पानीको स्रोतनजिक दाहसंस्कार गरिने भए पनि यस घटनामा स्थानीय र परिवारको भावनालाई सम्मान गर्दै दुवै युवाको अन्त्येष्टि गोली चलेकै ठाउँमा गरिएको बताए। उनका अनुसार राति करिब ११:३० बजेतिर दुवै जनाको दाहसंस्कार सम्पन्न भएको हो। वडाध्यक्ष मेहताले मृतकहरूको सम्झनामा गोली चलेको स्थानमा नै स्मृति पार्क निर्माण गर्ने तयारी भइरहेको जानकारी दिए।

नेपाल सरकारसँग भएको सहमतिअनुसार स्थानीय सरकारसँग समन्वय गरेर स्मृति पार्क निर्माणको प्रक्रिया अघि बढाइने उनले बताए। स्थानीयवासी र परिवारको चाहना पनि घटनास्थलमै स्मृति पार्क निर्माण हुनुपर्ने रहेको उनको भनाइ छ। इलाका प्रहरी कार्यालय देवानगन्जका इन्स्पेक्टर प्रकाश पराजुलीले शवयात्रा र दाहसंस्कार शान्तिपूर्ण रूपमा सम्पन्न भएको बताए। कार्यक्रमभर पर्याप्त सुरक्षा व्यवस्था मिलाइएको र हाल गाउँको अवस्था सामान्य रहेको जानकारी उनले दिए।

यसअघि मृतकका परिवार र नेपाल सरकारबीच सहमति भएपछि मात्रै आफन्त शव उठाउन तयार भएका थिए। गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा बिहीबार राति भएको छलफलपछि शुक्रबार बिहान औपचारिक सम्झौतापत्रमा हस्ताक्षर भएको थियो। साउन १० गते दुई समुदायबीच भएको विवाद हिंसात्मक बन्दै गएपछि अवस्था नियन्त्रणमा लिन सशस्त्र प्रहरीले गोली चलाएको थियो। सोही क्रममा ओमप्रकाशको घटनास्थलमै मृत्यु भएको थियो भने जयप्रकाशको उपचारका क्रममा विराटनगरस्थित न्युरो अस्पतालमा बिहीबार मृत्यु भएको हो।

सरकारसँग भएको सहमतिअनुसार दुवै मृतकलाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाइने भएको छ। साथै, दुवै परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँ राहत उपलब्ध गराइनेछ। सम्झौतामा घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्ने, मृतकका परिवारका एक-एक जना योग्य सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराउने, छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने तथा स्थानीय सरकारसँग समन्वय गरी स्मृति पार्क निर्माण गर्ने विषय पनि समेटिएको छ। सम्झौतापत्रमा पीडितका तर्फबाट ओमप्रकाश मेहताका बुवा कृष्णदेव मेहता र जयप्रकाश मेहताका तर्फबाट नरेश मेहताले हस्ताक्षर गरेका छन्। सरकारका तर्फबाट गृहमन्त्री सुधन गुरुङको हस्ताक्षर छ। प्रहरीका अनुसार कप्तानगन्ज गोलीकाण्डमा सशस्त्र प्रहरीले चलाएको गोली लागेर १० जना घाइते भएका थिए। तीमध्ये दुई जनाको मृत्यु भइसकेको छ भने अन्य ८ जनाको उपचार भइरहेको छ। घटनाका क्रममा सुरक्षाकर्मीसहित २२ जनाभन्दा बढी व्यक्ति घाइते भएका थिए।

गोलीकाण्डपछि सुनसरीका विभिन्न स्थानमा आगजनी, तोडफोड, लुटपाट तथा व्यक्ति लक्षित आक्रमणका घटना भएका थिए। अवस्था सामान्य बन्दै गएपछि प्रशासनले कर्फ्यु आदेश हटाएर निषेधाज्ञा लागू गरेको छ।

३ वर्षदेखि प्लास्टिकको टहरामा बसेका दुर्गाले पाए सुरक्षित घर

अन्नपूर्ण | *रोल्पा*

रोल्पा नगरपालिका-२ धनाराका ६० वर्षीय दुर्गा बुढाले करिब ३ वर्षसम्म हिउँदको चिसो, बर्खाको झरी र गर्मीको चर्को घामलाई थोत्रो प्लास्टिकको टहरामुनि सहँदै दिन बिताए। बोल्न नसक्ने र कान पनि नसुन्ने अपांगता भएका बुढाको दयनीय जीवन अब भने परिवर्तन भएको छ। स्थानीय समाजसेवी, विभिन्न संघ-संस्था र गाउँलेहरूको उत्साहजनक श्रमदानबाट उनको लागि सुरक्षित घर निर्माण गरी आइतबार हस्तान्तरण गरिएको छ।

एक कोठा सुत्ने र एक कोठा भान्सासहितको एकतले घर निर्माण सम्पन्न भएपछि आयोजित कार्यक्रममा घरको साँचो दुर्गा बुढालाई हस्तान्तरण गरिएको हो। घर हस्तान्तरणसँगै श्रमदानमा सहभागी सबै श्रमदाताप्रति आभार व्यक्त गर्दै धन्यवाद कार्यक्रम पनि सम्पन्न भएको थियो।

घर निर्माण अभियानको नेतृत्व समाजसेवी रामबहादुर बुढाथोकीले गरेका हुन्। उनले दुर्गाको टहरोमा रहेको कष्टकर जीवन देखेपछि समुदायलाई एकजुट गराएर घर निर्माणको अभियान थालेका थिए। 'दुर्गाको बिजोग अवस्था देखेपछि उनलाई सुरक्षित घर बनाइदिनुपर्छ भन्ने सोच आयो। अभियान सुरु गरेपछि सहयोगी मन भएका व्यक्ति र विभिन्न संघसंस्था स्वत:स्फूर्त रूपमा जोडिँदै गए,' बुढाथोकीले भने।

घर निर्माणमा पूर्व प्रहरी संगठन, भूतपूर्व सैनिक संघ, सूर्यदल गण, थलिबाङ टोल विकास संस्था, पारिजात आमा समूह, बाहीगाउँ भैलो समूह, गर्पा गाउँ, शोलबाङ लहरीखोला टोल तथा धनाराका स्थानीयवासी सक्रिय रूपमा श्रमदानमा जुटेका थिए।

घर निर्माणमा अधिकांश काम श्रमदानबाट सम्पन्न भएको छ। मिस्त्रीको ज्याला मात्रै ४१ हजार ८ सय रुपैयाँ खर्च भएको बुढाथोकीले जानकारी दिए। उनले मिस्त्रीले समेत केही दिन नि:शुल्क श्रमदान गरेको बताए। घर निर्माणसँगै आवश्यक सामग्री व्यवस्थापनमा पनि विभिन्न व्यक्ति तथा संस्थाले सहयोग गरेका छन्। घरमा आवश्यक फर्निचरको व्यवस्था बुढाथोकी स्वयंले गरेका छन्। लायन्स क्लबका अध्यक्ष ज्ञानेन्द्र आचार्यले भाँडाकुँडा, चन्द्रप्रकाश आचार्यले विद्युतीय वायरिङ, मानबहादुर गुरुङले ओढ्ने-ओछ्याउने सामग्री, रोल्पा नगरपालिकाकी उपप्रमुख गीता आचार्यले कपडा, मनबहादुर नेपालीले ट्र्याकसुट, युवा व्यवसायी किरण बुढाले घरायसी सामग्री तथा बाहीगाउँ भैलो समूहले खाद्यान्न उपलब्ध गराएका छन्।

घर निर्माणका लागि आवश्यक नगद सहयोग पनि विभिन्न दाताबाट जुटेको छ। अस्ट्रेलियामा रहेका राजु श्रेष्ठले २० हजार, भीमसेन घर्तीले ५ हजार, तुलसी खड्काले २ हजार, भूपेन्द्र डिसीले १ हजार ५ सय ५५, शिव आचार्यले १ हजार २ सय ५, विश्लेषणले १ हजार १ सय ५०, खटकबहादुर खत्री 'तोराबोरा' ले २ हजार र पूर्वप्रहरी संगठनका अध्यक्ष तेजराज भण्डारीले २ हजार सहयोग गरेका थिए। घर निर्माण सम्पन्न भएपछि दुर्गा बुढाले बोल्न नसके पनि हातको इशाराबाट खुसी व्यक्त गरेका थिए। उनका बुवाआमाको निधनपछि पुर्ख्यौंली घर भत्किएर उनी घरविहीन भए। पछिल्लो समय त प्लास्टिकको टहरामुनि बस्न बाध्य भएका थिए।

स्थानीयवासीका अनुसार यो अभियानले विपन्न र असहाय नागरिकका लागि समुदायको एकता, सहकार्य र मानवीय संवेदनाको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ। श्रमदानको संस्कृतिले समाजमा अझै पनि मानवता जीवित रहेको सन्देश दिएको उनीहरूको भनाइ छ।

अमरसिंह थापाको २१०औं स्मृति दिवस मनाइयो

काठमाडौं (अन्नपूर्ण): राष्ट्रिय विभूति तथा नेपाल एकीकरण अभियानका वीर योद्धा बडाकाजी अमरसिंह थापाको २१०औं स्मृति दिवसका अवसरमा शनिबार काठमाडौंमा एक कार्यक्रम आयोजना गरिएको छ।

काठमाडौंमा राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्व, बुद्धिजीवी, समाजसेवी, राष्ट्रप्रेमी नागरिक तथा युवाहरूको सहभागिता थियो। कार्यक्रममा सहभागीहरूले नेपालको राष्ट्रिय एकता, स्वाधीनता र सार्वभौमिकताको रक्षाका लागि अमरसिंह थापाले पुऱ्याएको ऐतिहासिक योगदानको स्मरण गर्दै उहाँप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए।

सर्वोच्च अदालतका न्यायाधीश मेघराज पोखरेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बागमती प्रदेशका पूर्वमन्त्रीद्वय उद्धव थापा र दीपेन्द्र श्रेष्ठ, पूर्वमन्त्री विक्रमबहादुर थापा, पूर्वसचिव भरतबहादुर थापा, नेपाली सेनाका अवकाश प्राप्त सहायक रथी डा. प्रेमसिंह बस्न्यात, क्या. रामेश्वर थापालगायतको उपस्थिति थियो।

कार्यक्रममा पूर्वमन्त्री उद्धव थापाले काजी अमरसिंह थापाको त्याग, बलिदान र योगदानको चर्चा गरे। अंग्रेजसँगको युद्धमा उनले उनीहरूले दिएको प्रलोभनको बेवास्ता गर्दै 'म बाघको डमरु हुँ, मलाई सिनो खाने कुकुर नसम्झ' भन्ने भनाइलाई समेत उनले स्मरण गरे। प्राध्यापक डा. इन्दिरा जोशीले पनि अमरसिंह थापाका भनाइहरू सम्झँदै उनले देशप्रति देखाएको अद्भुत माया र बलिदानको फेहरिस्त प्रस्तुत गरिन्। प्रतिष्ठानले राजु गुरुङलाई अमरसिंह थापाको जन्मभूमिको विकास र प्रवर्धनमा भूमिका खेलेकोमा सम्मान गरेको छ। वक्ताहरूले अमरसिंह थापा नेपालको इतिहासका एक अद्वितीय योद्धा, कुशल रणनीतिकार तथा राष्ट्रभक्त सेनापति भएको उल्लेख गर्दै उनको साहस, त्याग, दूरदर्शिता र नेतृत्वक्षमता आज पनि नेपालीका लागि प्रेरणाको स्रोत रहेको बताए। उनीहरूले देश र राष्ट्रिय स्वाभिमानको रक्षा गर्न आवश्यक परे आफ्नो जीवनसमेत अर्पण गर्ने थापाको आदर्शलाई नयाँ पुस्तामाझ पुऱ्याउन यस्ता कार्यक्रमको विशेष महत्त्व रहेको धारणा व्यक्त गरे।

कार्यक्रममा बडाकाजी अमरसिंह थापाको प्रसिद्ध भनाइ 'म बाघको डमरु हुँ, मलाई सिनो खाने कुकुर नसम्झ' भन्ने भनाइलाई विशेष रूपमा स्मरण गरिएको थियो। उक्त भनाइले राष्ट्रप्रति उहाँको अटल निष्ठा, स्वाभिमान र वीरताको प्रतीकका रूपमा नेपाली जनमानसमा विशेष स्थान ओगटेको वक्ताहरूले बताए।

पिण्डेश्वरमा रात्रिकालीन पूजा बन्द

सुनसरी (अन्नपूर्ण): सुनसरीको धरान-१४ विजयपुरस्थित पिण्डेश्वर बाबाधाममा सञ्चालन हुँदै आएको रात्रिकालीन बोलबमको पूजा तथा जल अर्पण बन्द गरिएको छ। पिण्डेश्वर बाबाधाम समितिले प्रेस विज्ञप्ति जारी गर्दै सुनसरीको देवानगन्ज-३ कप्तानगन्जमा भएको घटनापछि उत्पन्न सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै यस्तो निर्णय गरिएको जनाएको छ।

समितिका अध्यक्ष विकासकुमार बनेपालीद्वारा जारी विज्ञप्तिमा साउन महिना भगवान् शिवको प्रिय महिना तथा सोमबार विशेष पूजा-आराधनाको दिन भएकाले प्रत्येक वर्ष ठूलो संख्यामा भक्तजन बोलबम मेलामा सहभागी हुने उल्लेख गरिएको छ। नेपालमै सबैभन्दा पहिले पिण्डेश्वरबाट बोलबम मेलाको सुरुवात भएको र २०४०/४१ सालदेखि चतराको कोशी नदीबाट जल ल्याई भगवान् पिण्डेश्वरमा चढाउने परम्परा निरन्तर चल्दै आएको समितिले जनाएको छ।

यस वर्ष देशमा विकसित असहज सुरक्षा अवस्थाका कारण रात्रिकालीन मेला सञ्चालन गर्दा जोखिम हुन सक्ने निष्कर्ष निकालिएको समितिको भनाइ छ। त्यसैले आइतबार रातिदेखि गरिने पूजा, दर्शन तथा जल अर्पण स्थगित गरी भक्तजनलाई सोमबार बिहान ५ बजेदेखि मात्र मन्दिरमा उपस्थित भई पूजा तथा जल अर्पण गर्न अनुरोध गरिएको समितिका सल्लाहकार वासुदेव बरालले जानकारी दिएका छन्।

समितिले कप्तानगन्ज घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सबै धर्मावलम्बीलाई आपसी सद्भाव, सहिष्णुता र वार्तामार्फत समस्याको समाधान खोज्न आग्रह गरेको छ। भक्तजनको सुरक्षा नै पहिलो प्राथमिकता भएकाले यस वर्ष रात्रिकालीन दर्शन तथा जल अर्पण स्थगित गर्नुपरेको भन्दै समितिले यसबाट पर्न गएको असुविधाप्रति क्षमायाचनासमेत गरेको छ।

भारतीय पत्रकारलाई काठमाडौंमा सम्मान

काठमाडौं (अन्नपूर्ण) : दुई दर्जन भारतीय पत्रकारलाई काठमाडौंमा सम्मान गरिएको छ।

होटल व्यवसायी संघ काठमाडौंको आयोजना र इन्डो-नेपाल टुरिजम वेलफेयर सोसाइटी भारतको सहकार्यमा उनीहरूलाई विशेष सम्मान गरिएको हो।

कार्यक्रममा प्रमुख अतिथि रहेका बागमती प्रदेश सरकारका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री सुरेश श्रेष्ठले उनीहरूलाई सम्मानपत्र प्रदान गर्दै दुई देशको पर्यटन प्रवर्द्धनमा पत्रकारको भूमिका महत्त्वपूर्ण रहेको बताए।

मन्त्री श्रेष्ठले नेपाल र भारतबीच धार्मिक पर्यटनका प्रशस्त सम्भावना भए पनि त्यसलाई पूर्ण उपयोग गर्न नसकिएको स्वीकार गरे। कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी निर्देशक हिक्मत सिंह ऐरले पर्यटनबाट देश विकास हुने आधार प्रस्तुत गर्दै तीनै तहका सरकारले भौतिक पूर्वाधार विकासमा ध्यान दिनुपर्ने बताए।

होटल व्यवसायी संघ काठमाडौंका अध्यक्ष सुरेश बरालले पत्रकार राजनीति वरिपरि भुम्मिँदा आर्थिक विकासका मुद्दा ओझेलमा पर्ने गुनासो गरे। कार्यक्रममा इन्डो-नेपाल टुरिजम वेलफेयर सोसाइटीका अध्यक्ष डा. जतिन्द्रपाल सिंहले पत्रकारले पर्यटकीय क्षेत्रको वास्तविकता पाठकसम्म पुऱ्याइदिँदा पर्यटन प्रवर्द्धनमा पुगेको योगदानको स्मरण गरे।

सहभागीहरूले ठूलो संख्यामा रहेका भारतीय पर्यटक आकर्षित गर्न सके नेपालका तारे होटलदेखि मझौला, साना र होमस्टेसमेत भरिभराउ हुने बताएका थिए।

शशांकले...

पार्टीका नेता, कार्यकर्ता, जनप्रतिनिधि, समर्थक र शुभेच्छुकमा बढ्दो चिन्ता र निराशालाई सम्बोधन गर्न राष्ट्रिय भेला आयोजना गर्नुपरेको उनको भनाइ थियो। उनले राष्ट्रिय भेला कुनै व्यक्ति वा समूहविरुद्ध लक्षित नभई कांग्रेसको भविष्य, वैचारिक स्पष्टता, संगठनात्मक सुदृढीकरण र लोकतान्त्रिक अभ्यासलाई थप प्रभावकारी बनाउने उद्देश्यमा केन्द्रित रहेको बताए।

पत्रकार सम्मेलनमा पूर्वमहामन्त्री विमलेन्द्र निधि, नेता प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौलालगायत कांग्रेसका वरिष्ठ नेताहरूको उपस्थिति थियो। डा. कोइरालाले नेता डा. शेखर कोइरालाको पनि अभियानप्रति समर्थन रहेको दाबी गर्दै विराटनगरमा रहेकाले उनी कार्यक्रममा उपस्थित हुन नसकेको जानकारी दिए।

आयोजक समितिले १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी र सदस्य, पूर्वकेन्द्रीय सदस्य, पूर्वसांसद, प्रदेश कार्यसमितिका पदाधिकारी, जिल्ला सभापति तथा पदाधिकारी, महानगर सभापति, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्रीय सभापति, महासमिति सदस्य र महाधिवेशन प्रतिनिधिलगायत सम्पूर्ण नेता कार्यकर्तालाई राष्ट्रिय भेलामा सहभागी हुन आह्वान गरेको छ।

इतर समूहका नेताहरूले पार्टीभित्र सहमतिको प्रयास जारी रहेको बताए पनि राष्ट्रिय भेलासम्म पनि कुनै राजनीतिक सहमति कायम हुन नसके वैकल्पिक राजनीतिक बाटोबारे छलफल हुन सक्ने संकेत दिएका छन्। यद्यपि नयाँ राजनीतिक दल गठनबारे कुनै औपचारिक निर्णय भइनसकेको उनीहरूको भनाइ छ।

कांग्रेसभित्र विशेष महाधिवेशन, नेतृत्व व्यवस्थापन र संगठनात्मक पुनर्संरचनालाई लिएर मतभेद कायम रहँदा पछिल्ला दिनमा संस्थापन र इतर समूहका गतिविधि समानान्तर रूपमा अघि बढिरहेका छन्।

अब फर्किदैनन्...

अत्यन्तै कठिन संघर्षबाट विश्व पर्वतारोहण क्षेत्रमा आफ्नो बेग्लै पहिचान बनाएका किलि पेम्बाले गाइडका रूपमा विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ वटै हिमाल सफलतापूर्वक आरोहण गरी विश्वकीर्तिमान कायम गरेका थिए। सन् २०२१ मा विश्वकै दोस्रो अग्लो हिमाल 'के-टु' को ऐतिहासिक पहिलो शीतकालीन सफल आरोहण गर्ने नेपाली टोलीका उनी प्रमुख सदस्य थिए। उनले १५ पटक सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरिसकेका थिए।

निर्मल पुर्जा 'निम्सदाइ' को नेतृत्वमा नेपाल, पाकिस्तान, चीन, अमेरिका र ओमानका गरी १० जना पर्वतारोहीको टोली ब्रोड पिक शिखरतर्फ अघि बढ्ने क्रममा हिमपहिरोमा परेको थियो।

गाउँका धेरै युवाका प्रेरणाका स्रोत रहेका किलि पेम्बाको निधनको खबरले दोलखाको बेदिङ गाउँ पूरै शोकमा डुबेको छ। स्थानीयले उनको योगदानलाई व्यक्तिगत सफलता मात्र नभई समग्र दोलखा र नेपालकै गौरवका रूपमा स्मरण गरेका छन्।

मृतकका काका दावाछिरी शेर्पाले सरकारसँग पार्थिव शरीर यथाशीघ्र स्वदेश ल्याइदिन अपिल गरेका छन्। 'हामीले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय र नेपाल पर्वतारोहण संघलाई १/२ दिनभित्रै विश्वकीर्तिमानी किलि पेम्बाको पार्थिव शरीर पाकिस्तानबाट स्वदेश ल्याउने व्यवस्था मिलाइदिन आग्रह गरेका छौं,' उनले भने।

ब्रोड पिकमा...

उनले गत जुलाई २१ मा बिना अक्सिजन ग्यासर्ब्रम-२ को सफल आरोहण गरेका थिए। उनको लक्ष्य अक्सिजनको प्रयोग नगरी १४ वटै अग्ला हिमाल दुईपटक चढेर नयाँ विश्वकीर्तिमान बनाउने थियो, जसका लागि ब्रोड पिक र चो ओयु मात्र बाँकी थिए।

धौलागिरिदेखि बेलायती 'स्पेसल फोर्सेस' सम्मको यात्रा

नेपालको धौलागिरि क्षेत्रमा जन्मिएका निर्मल पुर्जाको सैन्य जीवन १६ वर्षको थियो। उनले ६ वर्ष बेलायती सेनाको प्रसिद्ध गोर्खा रेजिमेन्ट र १० वर्ष बेलायतको जलसेनाको अत्यधिक गोप्य तथा कठिन मानिने स्पेसल बोट सर्भिसमा बिताएका थिए। सन् २००९ मा उनी एसबीएसमा छनोट हुने पहिलो गोर्खा थिए। जल र स्थल दुवै क्षेत्रका गुप्त कारबाही, आतंकवाद विरोधी अभियान र कठिन परिस्थितिमा उद्धारका लागि चिनिने बेलायती कमान्डो टोलीमा उनले अत्यधिक चिसो मौसममा गरिने युद्धकला र पर्वतीय विशेषज्ञका रूपमा काम गरे। उनको यही सैन्य अनुशासन, कठिन निर्णय लिने क्षमता र नेतृत्व कौशलले पछि आरोहणको दुनियाँमा सफलता दिलाएको थियो।

हिमालप्रतिको लगाव

निर्मल पुर्जाको हिमालप्रतिको लगाव सन् २०१२ मा ब्रिटिस सेनामा बिदामा छँदा एभरेस्ट बेस क्याम्पको ट्रेकिङबाट सुरु भएको थियो। त्यसपछि ६ हजार १ सय १९ मिटरको लोबुचे इस्ट चढेर प्राविधिक आरोहण सुरु गरेका उनमा उचाइसँग छिटो घुलमिल हुन सक्ने अद्भुत क्षमता थियो। सगरमाथाको पहिलो आरोहणकै क्रममा उनले 'डेथ जोन' मा अलपत्र परेका एक आरोहीको एक्लै सफल उद्धार गरे। त्यसपछि उनले अरूलाई सहयोग गर्न सकियोस् भनेर माथिल्लो क्याम्पहरूबाट थप अक्सिजन बोकेर हिँड्ने बानी बसालेका थिए।

सन् २०१९ मा बेलायती सेनाको को जागिर छाडेर उनले 'प्रोजेक्ट पसिबल' सुरु गरे। जसअन्तर्गत विश्वका १४ वटै ८ हजार मिटरभन्दा अग्ला हिमालहरू मात्र ६ महिना ६ दिन (१८९ दिन) मा चढेर उनले अघिल्लो ७ वर्षभन्दा बढीको कीर्तिमानलाई ध्वस्त पारे।

सन् २०२१ मा उनी १० जना नेपाली आरोहीहरूको टोलीको भाग बनेर हिउँदको समयमा पहिलोपटक विश्वकै कठिन मानिने के-टु हिमालको सफल आरोहण गरी इतिहास गरे।

उच्च उचाइको पर्वतारोहणमा पुऱ्याएको योगदानका लागि सन् २०१८ मा बेलायतकी तत्कालीन महारानी एलिजाबेथ द्वितीयबाट उनी मेम्बर अफ दी अर्डर अफ दी ब्रिसिट एम्पाय पदकबाट सम्मानित भए।

नेटफ्लिक्स र सामाजिक कार्य

निर्मलले २०१९ को कीर्तिमानी अभियानमा आधारित नेटफ्लिक्स डकुमेन्ट्री '१४ पिक्स: नथिङ इज इम्पसिबल' सन् २०२१ मा रिलिज भएपछि निम्सदाइ विश्वभर चर्चित भए। उनको नारा अल्वेज अ लिटिल हायर अर्थात् सधैं अलि माथिले विश्वका लाखौं मानिसलाई प्रेरित गऱ्यो।

आरोहणका अतिरिक्त उनी उच्च हिमालमा गरिने जोखिमपूर्ण उद्धारका लागि पनि चिन्तित थे। अन्नपूर्ण हिमालको अत्यधिक उचाइबाट आरोहीको सफल उद्धार उनको साहसिक कार्यको उदाहरण हो। साथै, उनले आफ्नो निम्सदाइ फाउन्डेसनमार्फत नेपालमा परोपकारी तथा शैक्षिक परियोजनाहरूमा पनि सहयोग गर्दै आएका थिए।

आरोहीहरूका लागि चुनौती: ब्रोड पिक

ब्रोड पिकलाई विश्वका कठिन र जोखिमपूर्ण हिमालहरूमध्ये एक मानिन्छ। सन् १९५७ मा अस्ट्रियाली टोलीले पहिलोपटक यसको सफल आरोहण गरेको थियो। त्यसयता धेरैले सफलता पाए पनि कैयौं आरोहीले ज्यान गुमाएका छन्। सन् २०१३ मा मात्रै यहाँ कम्तीमा ६ जना आरोहीको मृत्यु भएको थियो।

विश्व पर्वतारोहणको इतिहासमा असम्भवलाई सम्भव बनाएर नेपालको नाम उच्च राख्ने निर्मल पुर्जा 'निम्सदाइ' को असमायिक निधनले सम्पूर्ण साहसिक खेलकुद र पर्वतारोहण जगत्मा कहिल्यै नपुर्ने क्षति पुगेको छ।

सुनचाँदीको भाउ

छापावाल सुन : २,८४,०००
चाँदी : ४३१०

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.३२	१५२.९२
युरो	१	१७५.२६	१७५.९५
पाउन्ड स्टर्लिङ	१	२०४.८९	२०५.६९
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

बारम्बार किन हराइरहन्छ ग्यासको गन्ध ?

नेपाल आयल निगमको गोदाममा पर्याप्त मौज्दात रहेको सरकारी दाबी एकातिर छ भने अर्कातिर भान्छामा ग्यास रित्तिएर सर्वसाधारणको चुलो चिसो हुने क्रम रोकिएको छैन । भण्डार भरिभराउ छ भनिरहँदा पनि उपभोक्ता रित्तो सिलिन्डर बोकेर डिपोडिपो चहार्न बाध्य हुनुले आपूर्ति शृंखलामा रहस्यमय 'अभाव' सिर्जना गरिएको भन्न अप्ठ्यारो छैन ।

बजारमा १० दिनदेखि ग्यास अभाव

भवनाथ प्याकुरेल | *काठमाडौं*

नेपाल आयल निगमले पर्याप्त मात्रामा खाना पकाउने एलपी ग्यास आयात र मौज्दात रहेको दाबी गरिरहेकै बेला बजारमा १० दिनदेखि ग्यास अभाव देखिएको छ। निगमले आपूर्तिमा समस्या नरहेको जनाएको भए पनि डिपो सञ्चालकहरूले उद्योगबाट ग्यास नै नआएको बताएका छन्, जसले आपूर्ति व्यवस्थापनमा उद्योगीसँगको सम्भावित मिलेमतोबारे प्रश्न उठाएको छ।

नेपाल ग्यास कम्पनीको डिपो सञ्चालन गर्नुभएका ललितपुर बोलढोकाका सञ्चालकले १० दिनदेखि उद्योगले ग्यास नदिएको बताएका छन्।

बजारमा ग्यास अभाव सिर्जना गराउँदा उद्योगीलाई आपूर्ति सीमित राखेर माग धेरै देखाउन सकियो भने, वितरणमा प्राथमिकता, नगद प्रवाहको व्यवस्थापन, वा सरकारसँग मूल्य समायोजन वा अन्य सुविधा माग्न दबाब बढाउन सक्ने अवस्था आउन सक्ने उपभोक्तावादीहरूले बताएका छन्। यो आयल निगमका कर्मचारी र उद्योगीको मिलेमतोबिना सम्भव नहुने पनि जानकारहरूले बताएका छन्।

आयल निगमका कर्मचारीलाई पनि अभाव हुँदा बजार अनुगमन भत्तालगायत सुविधा हुने र ग्यास अभाव हुँदा उद्योगीले कर्मचारीसँग आफ्नो उद्योगलाई ग्यास माग्न आर्थिक चलखेल गर्न सक्ने देखिएको उपभोक्ताले आरोप लगाएका छन्। उपभोक्तावादी माधव तिमल्सिनाले आयल निगमको असक्षमताका कारण बारम्बार ग्यासको अभाव हुने गरेको बताएका छन्।

नेपाल एलपी ग्यास उद्योग संघका महासचिव अमित अग्रवालले भने पूरा सिलिन्डर भर्नुपर्दा समस्या भएको बताएका छन्। उनले भने, 'अहिले जसरी भारतबाट दैनिक ५० हजार मेट्रिक टन ग्यास नियमित आएजसरी १ महिनामा आउने हो भने सबै उपभोक्ताले नियमित ग्यास पाउँछन्।'

सरकारले भारी सिलिन्डर बजार पठाउन थालेको दुई साता नबित्दै काठमाडौं उपत्यकालगायत देशका विभिन्न जिल्लामा १० दिनदेखि उपभोक्ताले ग्यास अभावको सामना गर्नुपरेको हो। यसअघि पनि बजारमा ग्यास अभाव चर्किएपछि नेपाल आयल निगमले २०८२ फागुन अन्तिमतिरबाट आधा मात्र भरिएको (७.१ किलो) सिलिन्डर बेच्ने व्यवस्था मिलाएको थियो।

फाइल तस्बिर

निगमले सुरु गऱ्यो टेकुबाट ग्यास बिक्री

बजारमा अभाव देखिएपछि नेपाल आयल निगमले टेकुस्थित कार्यालयबाट ग्यास बिक्री बितरण सुरु गरेको छ। १४.२ केजीको ग्यास सिलिन्डरको बिक्री वितरणको सुरुवात गरेसँगै ग्यासको अभाव देखिएपछि निगमले शनिबारदेखि निगमको टेकुस्थित कार्यालयबाट ग्यास बिक्री सुरु गरेको हो।

काठमाडौं उपत्यकामा बजारीकरण गर्ने केही ग्यास उद्योगहरूको उच्च माग लाई मध्यनजर गर्दै नेपाल ग्यास, एभरेस्ट ग्यास, सुगम ग्यास तथा श्रीराम ग्यासका सिलिन्डरहरू बिक्री वितरण गर्ने व्यवस्था मिलाएको निगमले जनाएको छ। निगमले बिक्री सुरु गरेसँगै उपभोक्ताहरू ग्यास लिन टेकु पुगेका छन्। त्यस्तै निगमले ग्यास अभाव भन्ने उपभोक्ताबाट गुनासो आइरहेकाले सम्पूर्ण ग्यास उद्योगीहरूले बजारमा ग्यासको सहज आपूर्तिको व्यवस्था मिलाउन निगमले निर्देशनसमेत दिएको छ। दैनिक रूपमा मागअनुसारको ग्यासको आपूर्ति भइरहेका निगमले जनाएको छ।

अहिले बजारमा ग्यास नपाएपछि सर्वसाधारणहरू डिलर र सप्लायरकहाँ पुगेर खाली सिलिन्डर लाइनमा राख्न बाध्य भएको उपभोक्ताले बताएका छन्। एउटा ग्यास साट्न मात्रै पनि हप्तौंसम्म कुर्नुपरेको गुनासो उपभोक्ताबाट आउन थालेको छ।

काठमाडौंको कोटेश्वर घर बताउने कञ्चन मैनालीले आफूले १० दिनदेखि ग्यास नपाएको बताएकी छन्। एउटा मात्र सिलिन्डर ग्यास हुनेका लागि भने समस्या देखिएको उनको भनाइ छ।

ग्यासको अभाव हुनुमा भारतमा व्यावसायिक र घरायसी प्रयोजनका लागि भन्दै फरक मूल्य तोकेसँगै नेपाल सरकारले पनि ग्यासको अभाव सिर्जना गरी उपभोक्ता र व्यापारीलाई फरक मूल्यमा ग्यास बेच्न सक्ने अनुमान र आशंका पनि उपभोक्तावादीले उठाएका छन्।

एकातिर ग्यास डिपोहरूमा उपभोक्ताको थामिनसक्नु भिड छ भने अर्कातिर आयल निगमले बजारमा ग्यासको कुनै अभाव नरहेको दाबी बारम्बार गर्दै आइरहेको छ। निगमले दाबी गरे पनि ग्यास पसलमा सर्वसाधारणको लाइन भने घटेको छैन। बालाजु औद्योगिक क्षेत्रभित्र रहेको नेपाल ग्यास डिपो, अन्य डिलर र विक्रेताहरूको पसलमा ग्यास लिन बसेका सेवाग्राहीको लामो लाइन यथावत् छ।

आयल निगमले हिजो शनिबार टेकुस्थित कार्यालयबाट ग्यास बेच्ने व्यवस्था गरे पनि उपभोक्ताको लामो लाइन रहेको थियो। आयल निगमले आफ्नो हटलाइन नम्बर ०१५९७१९०२ मा ग्यास नपाए सम्पर्क गर्नु भने पनि सम्पर्क हुँदैन। आयल निगमले आयात, ढुवानी, भण्डारण, वितरण, मूल्य निर्धारण, गुणस्तर नियन्त्रण, मौज्दात व्यवस्थापनको काम गर्दै आइरहेको छ।

प्रधानमन्त्रीले सक्रियता देखाउँदा पनि सेयर बजार घट्दो लयमा

तुला तिमिल्सिना | *काठमाडौं*

सेयर बजारको निरन्तर घट्दो लय कहिले फर्कन्छ अनुमान लगाउन गाह्रो छ। आशै आशामा रहेका लगानीकतामा भरोसा र आत्मबल बढेको देखिँदैन। सरकार गठनको चौमास बितिसकेको छ। गत चैतको १२ गते २९५० अंकमा रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) २ सय ६५ तल झरेको छ। त्यसबेला ५० खर्ब ९ अर्बमा रहेको सेयर बजार पुँजीकरणमा लगभग ४ खर्बले गिरावट आएको छ।

यसैबीचमा बजेट र मौद्रिक नीति आए तर व्यवसायी र उद्योगपतिमाथि सरकारको धरपक्कड बढिरहच्यो। व्यावसायी पक्रने र सम्पत्ति छानबिनको डन्डा चलिरहच्यो। सेयर बजारले उँधो गतिमात्रै लिएन, पहिरो जान मात्रै बाँकी रहच्यो।

लगानीकर्तामा रहेको त्रासमा कमी सर्वोच्च अदालतले सम्पत्ति छानबिन आयोगको काम कारबाहीलाई रोकेपछि मात्रै आयो। प्रधानमन्त्रीले आफैंले सक्रियता बढाउँदै सेयर बजार सरोकारवालासँग भेटघाट गर्न पनि सुरु गरे। उनले गभर्नर डा.विश्वनाथ पौडेल, नेपाल धितोपत्र बोर्ड (सेबोन) का अध्यक्ष डा.गोपालप्रसाद भट्ट, लगानीकर्ता लगायतसँग छलफल पनि गरे। यी सबै उपाय 'बिरामीलाई सिटामोलको डोजले सीमित समय काम गरे झैं' मात्रै भएको छ।

साउनको दोस्रो सातामा नेप्से १ दिन मात्रै बढ्यो भने ४ दिन घट्यो। अघिल्लो साता ५ दिन सेयर कारोबार भएकोमा १ दिन घटेर ४ दिन बढेको थियो।

अघिल्लो साता कारोबारको अन्तिम दिन शुक्रबार २७३४.६० अंकमा बन्द भएको नेप्से यस साता सेयर कारोबारको पहिलो दिन सोमबार उच्च अंकले घट्यो। त्यसदिन नेप्से ३३.२८ अंकले घटेर २७०१.२८ विन्दुमा झऱ्यो। त्यसको भोलिपल्टदेखि पनि निरन्तर ३ दिन नेप्से घट्यो। मंगलबार ४.६४ अंक, बुधबार ७.७९ अंक र बिहीबार १६.२९ अंकले घट्यो। सेयर कारोबारको अन्तिम दिन शुक्रबार भने नेप्से १२.९६ अंकले बढेर नेप्से २६८५.५४ विन्दुमा पुग्यो।

सातामा ४ दिनको कारोबारमा ६२ अंकले घट्ने र एक दिनको कारोबारमा १२.९६ अंकले बढ्ने हुँदा नेप्सेमा ४९.०४ अंकले गिरावट आयो। अघिल्लो सातामा भने नेप्से ५७.०५ अंकले बढेको थियो। यस सातामा शुक्रबार न्यून विन्दु २६५३.२८ मा र सोमबार उच्च विन्दु २७४४.८९ अंकसम्म नेप्से बढेर सेयर कारोबार भयो।

यस साता सबैभन्दा कम बिहीबार र शुक्रबार ३ सय ३८ वटा कम्पनीको कारोबार भएकोमा सोमबार सातकै सबैभन्दा बढी ३ सय ६० स्क्रिप्टको कारोबार भयो। अघिल्लो साताचाहिँ बढीमा ३ सय ५३ स्क्रिप्टसम्मको मात्रै कारोबार भएको थियो।

यस साता सबैभन्दा कम सेयर कारोबार बिहीबार ३ अर्ब ३८ करोड १३ लाख र सबैभन्दा बढी सोमबार ६ अर्ब ८ करोड ८ लाख रुपैयाँको भयो। सातामा ५ दिनको कारोबारमा २१ अर्ब ६७ करोड ८४ लाख रुपैयाँको सेयर खरिदबिक्री भयो। यसबाट औसतमा दैनिक ४ अर्ब ३३ लाख ५७ हजार रुपैयाँको सेयर कारोबार भएको देखाउँछ।

अघिल्लो साता भने २८ अर्ब ३३ करोड १६ लाखको कारोबार हुँदा औसतमा दैनिक ५ अर्ब ६६ लाख ६३ हजार रुपैयाँबराबरको सेयर किनबेच भएको थियो। यसले सातामा औसत दैनिक सेयर कारोबार लगभग २३ प्रतिशतले घटेको देखाउँछ। अघिल्लो साता भने औसत दैनिक सेयर कारोबार करिब ३ प्रतिशतले मात्रै घटेको थियो।

नेप्सेको कुल बजार पुँजीकरण शुक्रबार ४६ खर्ब १५ अर्ब २८ करोड रुपैयाँ छ। अघिल्लो साताको अन्तिम दिन शुक्रबार बजार पुँजीकरण ४६ खर्ब ५९ करोड ६० करोड रुपैयाँ पुगेको थियो। साताभरमा नेप्से ४९.०४ अंकले घट्दा कुल बजार पुँजीकरण ८४ अर्ब ३२ करोड रुपैयाँले घट्न पुग्यो। अघिल्लो साता भने कुल बजार पुँजीकरण ९९ अर्ब ४ करोड रुपैयाँले बढेको थियो।

अघिल्लो साता ४ दिन सेयर सकरात्मक सर्किट लेभलमा कारोबार भएको एभरेस्ट कलरको यस साता पनि ४ दिनै यथावत् हुन पुग्यो। उक्त कम्पनीको शुक्रबार सेयर मूल्य १ हजार ३ सय ९ रुपैयाँ पुगेको छ। यस साता कालिञ्चोक हाइड्रोपावरको भने नेगेटिभ सर्किट लेभलमा कारोबार भयो। त्यसैगरी सोमबार आत्मनिर्भर लघुवित्त वित्तीय संस्थाको १३.३८ प्रतिशत, बुधबार गरिमा समृद्धि योजनाको ६.६० प्रतिशत र बिहीबार कर्पोरेट डेभलपमेन्ट बैंकको १२.६८ प्रतिशतले घटेका थिए। अघिल्लो साता बिहीबार कुथेली बुखरी स्थल हाइड्रोपावरको सेयर नकारात्मक सर्किट लेभलमा कारोबार भएको थियो।

सेयर बजारमा सूचीकृत १३ उपसमूहमा यस साता बैंकिङ समूहबाहेक अरू सबै १२ वटाको घट्यो। बैंकिङ समूहको ०.१५ प्रतिशतले बढेको थियो। अघिल्लो साता ११ वटाको बढेको थियो भने २ समूहको घटेको थियो। घट्नेमा म्युचुअल फन्ड र नन् लाइफ इन्स्योरेन्स समूह थिए।

यस साता सेन्सेटिभ इन्डेक्स ३.३४ अंक र फ्लोट इन्डेक्स २.८१ अंकले घटे भने सेन्सेटिभ फ्लोट इन्डेक्स १.०५ अंकले बढ्यो। अघिल्लो साता सेन्सेटिभ इन्डेक्स ५.०९ अंक, फ्लोट इन्डेक्स ३.३७ अंक र सेन्सेटिभ फ्लोट इन्डेक्स १.९७ अंकले बढेका थिए।

नेप्सेको सीईओमा आवेदन माग

नेप्सेको प्रमुख कार्यकारी अधिकृत (सीईओ)का लागि आवेदन माग गरिएको छ। साउन १२ गतेको सूचनाअनुसार अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा १५ दिनको म्यादभित्र आवेदन दिन सकिने छ। यस पदमा अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा वाणिज्य वा कानुन विषयमा स्नातकोत्तर हासिल गरेका, चार्टर्ड एकाउन्टेन्सी गरेकाले आवेदन दिन सक्नेछन्। साथै १५ वर्षको अनुभव तोकिएमा ७ वर्ष व्यवस्थापकीय तहमा काम गरेको हुनुपर्ने छ। उम्मेदवारलाई व्यावसायिक कार्ययोजना पेस गर्न अनिवार्यता गरिएको छ।

नेप्सेका तत्कालीन सीईओ चूडामणि चापागाईंले असार २२ गते राजीनामा दिएपछि उक्त पद खाली रहेको थियो। अर्थ मन्त्रालयले वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव महेश आचार्यको संयोजकत्वमा तीन सदस्यीय सिईओ छनोट समिति गठन गरेको छ।

कोदो महोत्सवमा पोखराका किसान सम्मानित

पोखरा (अन्नपूर्ण) : दोस्रो कोदो महोत्सवमा पोखरामा किसान सम्मानीत भएका छन्। किसानलाई कोदो खेतीतर्फ आकर्षण गर्न पोखरा महानगरपालिकाले कोदो दिवसको आयोजना गरेर किसानलाई शनिबार सम्मान गरेको हो।

नेपाली मौलिक तथा रैथाने बाली कोदोको संरक्षण प्रवर्द्धन र खेती विस्तार गर्न पोखरा २२ कोदीमा कोदो महोत्सवको आयोजना गरिएको हो। महोत्सवमा १७ रोपनी क्षेत्रफलमा कोदो खेती गर्दै आएका पोखरा २२ का कृषक खगी घर्ती, ११ रोपनी क्षेत्रफलमा कोदो खेती गर्ने पोखरा २० का कृषक दुर्गाबहादुर सुनार, १० रोपनी क्षेत्रफलमा कोदो खेती गर्ने पोखरा २८ का कृषक शोभा भण्डारी र ९ रोपनी क्षेत्रफलमा कोदो खेती गर्ने पोखरा २३ का कृषक होमबहादुर गुरुङलाई नगद र सम्मानपत्रले सम्मान गरिएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिए।

महोत्सवमा कोदो रोप्ने प्रतियोगिता पनि भएको थियो महानगरको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाका अनुसार नगर क्षेत्रको करिब ३ हजार ८ सय हेक्टर क्षेत्रफलमा कोदो खेती लगाउने गरिएको छ। पोखरा महानगरमा ४८ सय मेक्ट्रिकटन कोदो उत्पादन हुने अनुमान गरिएको छ।

रिलायबल नेपाल लाइफद्वारा ५० लाख दाबी भुक्तानी

काठमाडौं (अन्नपूर्ण): रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले पूर्ण अशक्तता सुविधाअन्तर्गत बिमित हरिप्रसाद काफ्लेलाई ५० लाख रुपैयाँ दाबी भुक्तानी गरेको छ। बिमित काफ्लेले २०७६ सालमा कम्पनीको काठमाडौं शाखामार्फत रिलायबल सुलभ जीवन बिमा योजनाअन्तर्गत २० वर्षे अवधिको १ करोड बिमांक भएको जीवन बिमा गरेका थिए। उक्त बिमा योजनासँगै पूर्ण अशक्तता सुविधाअन्तर्गत ५० लाख रुपैयाँबराबरको अतिरिक्त सुरक्षा सुविधा पनि लिएका थिए। केही समयअघि बिमित काफ्लेलाई पार्किन्सन रोग देखियो।

उनको अवस्था पूर्ण अशक्तता सुविधा प्राप्त गर्ने मापदण्ड अनुरूप रहेको पुष्टि भएपछि कम्पनीले सोही सुविधाअनुसार ५० लाख रुपैयाँ दाबी रकम भुक्तानी गरेको छ। उक्त दाबी भुक्तानीसँगै उनले ५० लाख रुपैयाँबराबरको बिमा शुल्क छुट सुविधासमेत प्राप्त गरेका छन्। इन्स्योरेन्सले छिटो, पारदर्शी तथा विश्वासयोग्य दाबी भुक्तानी सेवामार्फत आफ्ना बिमितप्रतिको दायित्व निरन्तर पूरा गर्दै आएको छ। कम्पनीले भविष्यमा पनि ग्राहक तथा उनका परिवारलाई आवश्यक परेको कठिन समयमा भरपर्दो आर्थिक सुरक्षा प्रदान गर्ने प्रतिबद्धतालाई निरन्तर कायम राख्ने विश्वास व्यक्त गरेको छ।

शान्तिका लागि राष्ट्रिय आह्वान गर्दै एनबीआई

काठमाडौं (अन्नपूर्ण) : शान्ति पुनर्निर्माण, द्वन्द्व व्यवस्थापन तथा जिम्मेवार व्यवसाय प्रवर्द्धनमा दुई दशकदेखि क्रियाशील राष्ट्रिय व्यावसायिक पहल (एनबीआई) ले पूर्वी नेपाल तथा मधेसमा भइरहेको सामाजिक द्वन्द्वप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। एनबीआईले सम्पूर्ण पक्षलाई संयमता, संवाद र सहिष्णुताका साथ अघि बढ्न आग्रह गरेको छ। शान्ति नै समृद्धिको आधार हो।

तराई-मधेससहित देशभरका सबै नागरिक, समुदाय, सामाजिक तथा राजनीतिक नेतृत्व, व्यवसायी, युवा, नागरिक समाज, सञ्चारमाध्यम तथा सबै नेपालीलाई धार्मिक सद्भाव, सामाजिक एकता र स्थायी शान्ति कायम गर्न एनबीआईले अपिल गरेको छ।

विवादको समाधान संवाद र लोकतन्त्रिक प्रक्रियाबाट खोज्नुको विकल्प छैन। हिंसा बन्द र अशान्तिले व्यवसाय, रोजगारी र अर्थतन्त्रमा गम्भीर असर पार्छ। शान्तिपूर्ण सामाजिक सद्भाव, सुरक्षित व्यावसायिक वातावरण र दिगो आर्थिक विकासका लागि राष्ट्रिय एकता अपरिहार्य रहेको एनबीआईको भनाइ छ।

मेसीसँग खेल्न कासेमिरो उत्साहित

ब्राजिलका डिफेन्डर कासेमिरोले लियोनल मेसीसँगै व्यावसायिक खेल्न आफू उत्साहित रहेको बताएका छन्। केही समयअघि मात्रै अमेरिकी मेजर लिग सकर क्लब इन्टर मायामीमा अनुबन्ध भएका कासेमिरोले सो कुरा बताएका हुन्।

रंगशाला
अन्नपूर्ण
annapurnapost.com
८

कठिन बन्दै विश्वकप यात्रा

नेदरल्यान्ड्स शृंखलामा भोगेको नमिठो हारले नेपालको विश्वकप छनोट यात्रा दबाबमा

विष्णु थापा | *काठमाडौं*

नेपाली क्रिकेटका लागि केही वर्षअघिसम्म विश्वकप खेल्नु सपना थियो। अहिले त्यो सपनालाई साकार पार्ने बाटो देखिएको छ, तर यात्रा भने सहज छैन। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) विश्वकप क्रिकेट लिग-२ को पछिल्लो यात्रा हेर्दा नेपालले सम्भावनाको ढोका खुलै राखेको छ, तर त्यसलाई विश्वकप छनोटसम्म पुऱ्याउन अब गल्ती गर्ने ठाउँ झन् साँघुरिएको छ।

लिग-२ को पछिल्लो चरणमा नेपालले उतारचढावपूर्ण प्रदर्शन गरिरहेको छ। एकातिर घरेलु मैदानमा बलियो टोली स्कटल्यान्डलाई हराएर आत्मविश्वास बढाएको नेपालले अर्कोतिर निर्णायक खेलमा अपेक्षाकृत कमजोर प्रदर्शन गर्दा अंकतालिकामा आफूलाई सुरक्षित स्थानमा राख्न सकेको छैन। नेदरल्यान्ड्स शृंखलामा भोगेको नमिठो हारले नेपालको विश्वकप छनोट यात्रामा थप दबाब सिर्जना गरेको छ। नेपाल अहिले शीर्ष चारभन्दा बाहिर पुगेको छ। सन् २०२७ को विश्वकप छनोटमा पुग्न बाँकी खेलमा नतिजा आफ्नो पक्षमा पार्नु मात्रै होइन, गणितीय रुपमा अरु टोलीको प्रदर्शनमा पनि भर पर्नुपर्ने अवस्था छ। यही कारण नेपालको लिग-२ यात्रा नेपाली क्रिकेटको आगामी दिशा निर्धारण गर्ने निर्णायक परीक्षासमेत बनेको छ।

अंकको गणितभन्दा ठूलो मानसिक दबाब

लिग-२ को संरचना नै यस्तो छ, जहाँ प्रत्येक खेलको महत्त्व हुन्छ। ८ टोली सहभागी प्रतियोगिताबाट शीर्ष ४ टोली विश्वकप छनोट प्रतियोगितामा पुग्छन्। त्यसपछि छनोट प्रतियोगिताबाट शीर्ष चार टोलीले २०२७ को एकदिवसीय विश्वकपमा स्थान बनाउनेछन्। त्यसैले नेपालका लागि पहिलो लक्ष्य सिधै विश्वकपमा पुग्नु होइन, पहिले शीर्ष चारमा स्थान बनाएर छनोट खेल्ने अवसर सुरक्षित गर्नु हो। तर, नेपालका लागि यही पहिलो खुड्किलो नै चुनौतीपूर्ण बन्दै गएको छ। लिग-२ को सुरुवाती चरणमा खराब प्रदर्शन गरेको नेपालले बिचमा उत्कृष्ट पुनरागमन गरेको थियो। आईसीसीकै विश्लेषणअनुसार, अघिल्लो चरणमा नेपालले लगातार संघर्ष गरे पनि पछिल्ला खेलमा सुधार गर्दै शीर्ष चारको दौडमा आफूलाई पुनः जीवित राखेको थियो।

स्कटल्यान्डविरुद्धको महत्त्वपूर्ण जितले नेपाललाई पाँचौं स्थानसम्म उकासेको थियो। त्यसअघि अमेरिका र स्कटल्यान्डसँगको जितले टोलीमा नयाँ ऊर्जा थपेको थियो। तर, पुरानै समस्या फेरि दोहोरियो। नेपालले राम्रो लयलाई निरन्तरता दिन सकेको सकेन। ठूला टोलीलाई हराउने क्षमता देखाउने नेपालले अपेक्षाकृत दबाब कम भएका खेलमा अंक गुमाउने प्रवृत्ति दोहोऱ्याउँदै आएको छ। यही अस्थिरता अब नेपालको विश्वकप यात्राको सबैभन्दा ठूलो चुनौती बनेको छ।

'बिग म्याच' खेल्ने क्षमता छ, निरन्तरता छैन

नेपाली क्रिकेटको पछिल्लो प्रदर्शनलाई विश्लेषण गर्दा एउटा विरोधाभास स्पष्ट देखिन्छ। नेपालसँग ठूला टोलीलाई पराजित गर्ने क्षमता छ। घरेलु मैदानमा स्कटल्यान्डविरुद्धको जित त्यसको पछिल्लो उदाहरण हो। उक्त खेलमा नेपालले स्कटल्यान्डलाई ६ विकेटले हराएको थियो। बलिङमा ललित राजवंशी र सन्दीप लामिछाने प्रभावशाली देखिएका थिए भने ब्याटिङमा कप्तान रोहित पौडेलले अविजित ७४ रन बनाएर टोलीलाई जित दिलाएका थिए। तर, यही टोली अर्को खेलमा आफ्नो क्षमता र स्तरअनुसार प्रदर्शन गर्न सक्दैन र महत्वपूर्ण अंक गुमाउन पुग्छ। विश्वकप छनोटको दौडमा यही अस्थिरता घातक बनिरहेको छ। किनभने लिग-२ मा एउटा हारले केवल दुई अंक गुमाउँदैन, प्रतिस्पर्धी टोलीलाई आफूभन्दा अगाडि बढ्ने अवसर पनि दिन्छ। शीर्ष चारको दौडमा रहेका टोलीहरूबीच अंकको अन्तर धेरै ठूलो नहुँदा एउटा

जितले टोलीलाई माथि उकास्न सक्छ भने एउटा हारले तत्कालै दबाबमा धकेल्न पनि सक्छ। नेपालले अब यही वास्तविकतालाई बुझ्नुपर्नेछ।

ब्याटिङमा अझै ठूलो प्रश्न

नेपालको पछिल्लो कमजोरीमध्ये सबैभन्दा महत्वपूर्ण पक्ष ब्याटिङ हो। ओपनिङदेखि मध्यक्रमसम्म स्थिरता कायम गर्न नसक्दा टोलीले प्रतिस्पर्धात्मक स्कोर बनाउन संघर्ष गरेको छैन। कुशल भुर्तेल र आसिफ शेखजस्ता खेलाडीबाट नेपालले सुरुवातमा तीव्र रन अपेक्षा गरेको छ। तर, उनीहरूको प्रदर्शनमा निरन्तरता नहुँदा मध्यक्रममाथि अतिरिक्त दबाब पर्ने गरेको छ। कप्तान रोहित पौडेलले पटक-पटक व्यक्तिगत प्रदर्शनबाट टोलीलाई संकटबाट निकाल्ने प्रयास गरेका छन्। तर, कप्तानमाथि मात्र निर्भर हुने अवस्था दीर्घकालीन समाधान होइन। इशान पाण्डेजस्ता युवा खेलाडीले अवसर पाउँदा प्रभाव देखाएका छन्। स्कटल्यान्डविरुद्धको जितमा पाण्डे र रोहितबीचको शतकीय साझेदारी नेपालको जितको आधार बनेको थियो। तर, पछिल्लो शृंखलामा कुनै पनि खेलाडीले ठूलो पालि खेल्न सकेनन्। केही खेलाडीले लामो समयमा क्रिजमा बिताए पनि अपेक्षाकृत रन भने बनाउन सकेनन्। लिग-२ को बाँकी खेलमा नेपालले लक्ष्य निर्धारणदेखि रन पछ्याउने रणनीतिसम्म स्पष्ट योजना बनाउनुपर्नेछ। सुरुवात राम्रो भयो भने त्यसलाई ठूलो स्कोरमा बदल्ने क्षमता र सुरुवात कमजोर भयो भने पालि सम्हाल्ने मध्यक्रम दुवै पक्षमा सुधार आवश्यक छ।

बलिङ बलियो आधार

नेपालको सबैभन्दा सकारात्मक पक्ष भनेको बलिङ हो। सन्दीप लामिछाने, ललित राजवंशी, करण केसी, दीपेन्द्रसिंह ऐरीलगायत खेलाडीले प्रभावशाली प्रदर्शन गरेका छन्। तर, नेदरल्यान्ड्सको शृंखलमा करण केसीबाहेक अरु बलर चल्न सकेनन्। ५० ओभरको खेलमा बलिङ र ब्याटिङबीच सन्तुलन अनिवार्य हुन्छ। नेपालले बलिङबाट विपक्षीलाई दबाबमा राखे पनि ब्याटिङमा कमजोर हुँदा त्यो मेहनत खेर जाने गरेको छ। त्यसैले बाँकी खेलमा नेपालले बलिङलाई आफ्नो प्रमुख हतियारका रूपमा कायम राख्दै ब्याटिङमा स्थिरता ल्याउनुपर्नेछ। विशेषगरी डेथ ओभरमा रन नियन्त्रण र नयाँ बलबाट विकेट निकाल्ने रणनीतिमा थप सुधार आवश्यक छ।

अबको चुनौती : अंक मात्र होइन, आत्मविश्वास पनि

नेपालका लागि बाँकी खेलमा अंक महत्वपूर्ण छ, तर त्योभन्दा पनि महत्त्वपूर्ण आत्मविश्वास हो। लिग-२ को पछिल्लो चरणमा नेपालले लगातार जित निकाल्न नसक्दा टोलीमा मनोवैज्ञानिक दबाब बढेको छ। हरेक खेलअघि 'अब हार्न हुँदैन' भन्ने मानसिकता बोकेर मैदानमा उत्रनुपर्ने अवस्था खेलाडीका लागि सहज हुँदैन। तर, यही दबाबलाई सकारात्मक ऊर्जामा बदल्न सक्ने हो भने नेपाल अझै दौडबाट बाहिरिसकेको छैन। दबाबको समयमा पनि खेल्न सक्ने नेपालको पुरानो छवि अब देखाउनुपर्ने आवश्यकता छ।

एकदिवसीय मान्यता : अर्को ठूलो चिन्ता

नेपालको प्राथमिक लक्ष्य विश्वकप छनोटमा पुग्नु हो। तर, यससँगै एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा आफ्नो स्थान बलियो बनाउनु पनि उत्तिकै महत्वपूर्ण छ। नेपालले पछिल्ला वर्षमा एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेपछि अन्तर्राष्ट्रिय क्रिकेटमा नयाँ पहिचान बनाएको छ। यही मान्यता नेपाली क्रिकेटको विकास, खेलाडीको अवसर र अन्तर्राष्ट्रिय एक्सपोजरका लागि महत्वपूर्ण आधार पनि बनेको छ। तर, लिग-२ मा कमजोर प्रदर्शनले नेपाललाई विश्वकप छनोटको दौडबाट मात्र टाढा लैजाँदैन, समग्र एकदिवसीय संरचनामा पनि असर पार्न सक्छ। त्यसैले अब नेपालको लक्ष्य तत्कालीन नतिजाभन्दा ठूलो हुनुपर्छ, एकदिवसीय क्रिकेटमा आफ्नो प्रतिस्पर्धात्मक हैसियत कायम राख्ने। यही कारण लिग-२ का बाँकी खेललाई नेपालले विश्वकप छनोटको अभियान मात्र नभई एकदिवसीय क्रिकेटको भविष्यका रूपमा पनि लिनुपर्नेछ।

प्रशिक्षक र टिम व्यवस्थापनको परीक्षा

नेपालको प्रदर्शनमा खेलाडी मात्र जिम्मेवार छैनन्। टिम व्यवस्थापनको रणनीति पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। प्रतिद्वन्द्वीअनुसार टोली चयन, पिचअनुसार प्लेइङ-११, ब्याटिङ अर्डर, बलिङ परिवर्तन र खेलको अवस्थाअनुसार रणनीति बनाउने विषयमा नेपालले थप परिपक्वता देखाउनुपर्नेछ। विशेषगरी ५० ओभरको क्रिकेटमा भावनाभन्दा योजनाले जित दिलाउँछ। टीट्वेन्टी क्रिकेटको आक्रामक मानसिकता र एकदिवसीय क्रिकेटमा धैर्यताको सन्तुलन कायम गर्न नसक्दा नेपालले केही खेल गुमाउनु परेको छ। त्यसैले प्रशिक्षक र कप्तानको मुख्य जिम्मेवारी खेलाडीलाई दबाबबाट मुक्त राख्दै हरेक खेलका लागि छुट्टाछुट्टै रणनीति तयार गर्नु हुनेछ।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**